# शिक्षक पेसागत सहयोग मार्गदर्शन २०७७

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षक पेसागत सहयोग मार्गदर्शन २०७७

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**प्रकाशक :**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© : प्रकाशकमा

दोस्रो संस्करण : वि.सं. २०७७

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिविम्बन गर्दैन । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित रहने छ ।

# हाम्रो भनाइ

विद्यालय शिक्षाको गुणस्तर शिक्षकहरूको पेसागत सिपमा निर्भर हुन्छ । शिक्षकको पेसागत सिप विकासका लागि शिक्षक तालिमलाई प्रमुख उपायका रूपमा लिइएको छ । शिक्षक तालिमबाट प्राप्त ज्ञान र सिपको कक्षाकोठामा उचित प्रयोग हुन सकेको खण्डमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षकहरूलाई निरन्तर रूपमा प्रदान गरिने प्राविधिक सहयोगको पनि उत्तिकै भूमिका रहन्छ । प्रभावकारी प्राविधिक सहयोगसहितको शिक्षण सिकाइबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । शिक्षाको गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालनमा ल्याएको हो । शिक्षकलाई पेसागत सहयोग प्रदान गरी विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नु यस कार्यक्रमको एउटा प्रमुख उद्देश्य हो ।

यस कार्यक्रमअन्तर्गत प्रारम्भिक तह अर्थात कक्षा एक, दुई र तीनमा भाषा विषय पढाउने शिक्षकहरूका लागि एकीकृत पेसागत विकासका विषयलाई समेटेर सक्षमतामा आधारित शिक्षक तालिमको व्यवस्था गरिएको छ । उक्त तालिमका अतिरिक्त शिक्षकलाई निरन्तर रूपमा स्थलगत पेसागत सहयोग प्रदान गर्ने उद्देश्यले प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ मा आधारभूत विद्यालयको हकमा प्रधानाध्यापक र माध्यमिक विद्यालयको हकमा प्रधानाध्यापक स्वयम् वा निजले तोकेको आधारभूत तहको संयोजकलाई प्राविधिक सहयोगकर्ताको रूपमा तोकिएको छ । प्राविधिक सहयोगको भूमिकालाई कुशलतापूर्वक निर्वाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो मार्गदर्शनको विकास गरिएको हो । यस मार्गदर्शनले प्रारम्भिक कक्षा शिक्षकलाई प्रदान गरिने पेसागत सहयोगमा टेवा पुऱ्याउनुका साथै एकरूपता कायम गर्न मद्दत पुग्ने विश्वास गरिएको छ । यो मार्गदर्शनमा प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ ले निर्देश गरेबमोजिमका विषयवस्तुहरू समावेश गरिएका छन् ।

शिक्षक पेसागत सहयोग मार्गदर्शनलाई यो रूपमा ल्याई पुऱ्याउने कार्य टोलीका सदस्य गीता धिमिरे, गौरीशंकर पाण्डे, घनश्याम अर्याल, नारायण प्रसाद झा, गीरमान थापा, गणेश प्रसाद भट्टराई, डा. गायत्री तिम्सिना तथा लेखन तथा सम्पादन कार्यमा संलग्न दीपक शर्मा पण्डित, दिनेश संजेल लगायत यो मार्गदर्शनलाई यो रूपमा ल्याउन आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बैकुण्ठ प्रसाद अर्याल, उपमहानिर्देशक केशव प्रसाद दहाल, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक अण प्रसाद न्यौपाने र EGRPII/RTI का धनसिंह धामी र कार्यक्रम निर्देशक नारायणकृष्ण श्रेष्ठप्रति हार्दिक आभार व्यक्त गर्दै यसमा थप सुधारका लागि केन्द्र रचनात्मक सल्लाह र सुझावको अपेक्षा गर्दछ ।

वि.सं. २०७७

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# विषयसूची

## खण्ड-क


१. शिक्षक पेसागत सहयोग परिचय १

२. उद्देश्य २

३. शिक्षक पेसागत सहयोग प्रणाली २

४. शिक्षक पेसागत सहयोग सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास ८


## खण्ड-ख


१. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको परिचय १०

२. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा शिक्षक पेसागत सहयोग ११

३. शिक्षक पेसागत सहयोगको विद्यमान अवस्था ११

४. शिक्षक पेसागत सहयोग प्रणालीमा विभिन्न पक्षको भूमिका १३


## खण्ड-ग


१. कक्षा अवलोकन र पृष्ठपोषण २५

२. कक्षा अवलोकन प्रतिवेदन तयारी र प्रस्तुति २७

३. अनुसूचीहरू २८

**सन्दर्भ सामग्री** ३८

# खण्ड-क

## १. शिक्षक पेसागत सहयोग परिचय

शिक्षकलाई प्रधानाध्यापक, अनुभवी शिक्षक वा विषय विज्ञबाट नियमित कक्षा अवलोकन तथा सुपरिवेक्षणमार्फत पेसागत उन्नयनका लागि पुऱ्याइने आवश्यक प्राज्ञिक तथा प्राविधिक सहयोगलाई शिक्षक पेसागत सहयोगको रूपमा लिइन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका क्रममा शिक्षकले विभिन्न समस्या तथा चुनौतीहरूको सामना गरिरहेका हुन्छन् । सिकारुको स्तर, रुचि र क्षमताअनुसारका उपयुक्त विषयवस्तुको चयन, शैक्षणिक सामग्रीको पहिचान, निर्माण र प्रयोग, शैक्षणिक विधि तथा पद्धतिको उचित छनोट र प्रयोग, सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागिता, विद्यार्थीको वैयक्तिक सिकाइ कठिनाइहरूको पहिचान गरी सुधारात्मक शिक्षण, विद्यार्थी सिकाइ मापन, कक्षाकोठा व्यवस्थापन, अभिलेखीकरण, आदि जस्ता क्षेत्रहरूमा शिक्षकले कठिनाइ भोगिरहेका हुन सक्दछन् । यी र यस्ता कैयन समस्याहरूको समयमा नै समाधान गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा टेवा पुऱ्याउन शिक्षकलाई उचित पेसागत सहयोग आवश्यक हुन्छ । यस प्रक्रियामा प्राविधिक सहयोगकर्ताले निरन्तर शिक्षक पेसागत सहयोग (Ongoing Teacher Professional Support) का लागि सम्बन्धित शिक्षकलाई सरल र सहज तरिकाबाट शिक्षण गर्न सहयोग पुऱ्याउन सक्दछ । यस प्रकारका सहयोग विद्यालयभित्रबाट वा बाह्य स्रोतबाट पनि उपलब्ध गराउन सकिन्छ ।

तालिममा सिकेका ज्ञान, सिप र अवधारणालाई कक्षा कक्षाकोठामा प्रयोग गरी आएको परिवर्तनको नजिकबाट नियाल्ने र त्यसबाट देखिएका सुधारका क्षेत्र पहिचान गरी स्थलगत प्राविधिक सहयोग प्रदान गर्नु नै पेसागत सहयोग हो । औपचारिक तालिम, गोष्ठी, अन्तरक्रिया लगायत अनौपचारिक छलफल, स्वाध्यायन र वैयक्तिक खोज (Self–study and self–exploration), शिक्षकबिच अनुभव तथा सिकाइ आदानप्रदान जस्ता प्रयासहरूको माध्यमबाट शिक्षकलाई पेसागत सहयोग पुऱ्याउन सकिन्छ ।

पाठ्यक्रमद्वारा निर्दिष्ट सिकाइ उपलब्धिहरू हासिल गर्नका लागि शिक्षकलाई पेसागत सहयोग प्रदान गर्न प्रधानाध्यापक, विज्ञ शिक्षक, प्राविधिक सहयोगकर्तासहितको संरचनाको व्यवस्था शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ मा भएको छ । शिक्षक पेसागत सहयोगमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि तथा तोकिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो मार्गदर्शनमा

समयसापेक्ष परिमार्जन गरिएको छ । यस मार्गदर्शनमा कक्षा १-३ को एकीकृत पाठ्यक्रमअन्तर्गत नेपाली विषय शिक्षणमा भाषिक सिप विकासका लागि पठन तत्त्वगत अवधारणामा आधारित रहेर शिक्षकलाई प्राविधिक सहयोग पुऱ्याउने हेतुले कक्षा अवलोकन गरी रचानात्मक पृष्ठपोषणमार्फत शिक्षकको ज्ञान, सिप र दक्षतामा सुधार आउने अपेक्षा गरिएको छ ।

## २. उद्देश्य

१. शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकलाई स्थलगत प्राविधिक सहयोग प्रदान गर्नु,

२. शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ मा व्यवस्था भएका प्रावधानहरू कार्यान्वयनमा ल्याउन टेवा पुऱ्याउनु,

३. शिक्षक पेसागत सहयोगमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि तथा तोकिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सहयोग पुऱ्याउनु ।


## ३. शिक्षक पेसागत सहयोग प्रणाली

शिक्षकलाई कुनै एक निश्चित समयमा प्रदान गरिएको तालिम, गोष्ठी वा अभिमुखीकरणले मात्र उनीहरूको ज्ञान तथा सिपमा अपेक्षाकृत सुधार नहुन सक्छ । तसर्थ तालिमपश्चात शिक्षकको ज्ञान तथा सिप परिस्कृत गर्न निरन्तर शिक्षक पेसागत सहयोगको आवश्यकता पर्दछ । शिक्षकले प्राप्त गर्ने यस प्रकारको सहयोगको प्रत्यक्ष सम्बन्ध विद्यार्थीको सिकाइ प्रक्रिया र उनीहरूले हासिल गर्ने सिकाइ उपलब्धिसँग हुन्छ । विशेषतः बालबालिकाहरूको सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाउन शिक्षकलाई उनीहरूको ज्ञान, सिप र दक्षताको सबलीकरण गर्न, सिकाइका नवीनतम सिद्धान्त, विधि र दृष्टिकोणसँग परिचित गराउन आवश्यक हुन्छ । यसअन्तर्गत उपयुक्त सामग्री, शिक्षण विधि, सिकाइ वातावरणको चयन र प्रयोगमार्फत शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन शिक्षकलाई प्राविधिक सहयोगको जरूरत पर्दछ । यस प्रक्रियामा प्रधानाध्यापकको क्रियाशिलता र नेतृत्त्व, शिक्षण सिकाइ क्रियाकलापको अनुगमन र पृष्ठपोषण, सहकर्मी शिक्षकहरूबिच छलफल, विज्ञ शिक्षकद्धारा प्राविधिक सहयोग र सहजीकरण आवश्यक हुन्छ । एवम् रीतले, स्थानीय तहबाट विज्ञ शिक्षक छनोट र परिचालन, विषय शिक्षकहरूका बिचमा नियमित बैठक र छलफल, स्थानीय तहको शिक्षा शाखाबाट नियमित अनुगमन, छलफल र पृष्ठपोषण, सामूहिक प्रतिबद्धतासहितको सुधार योजना र सोको कार्यान्वयन, अन्तरविद्यालय तथा अन्तरस्थानीय तहबिच सिकाइ आदानप्रदानका लागि भ्रमण लगायत क्षमता विकास तालिम, गोष्ठी र प्रतिवेदन जस्ता पक्षलाई ध्यानमा राखी शिक्षक पेसागत सहयोग प्रणालीलाई मजबुत बनाउनु पर्दछ । यस प्रणालीअन्तर्गत प्राविधिक सहयोगकर्ताले शिक्षकलाई सहयोग गर्ने सिलसिलामा म के गर्न सक्छु ? यो कसरी गर्ने ? त्यसका लागि सहयोग के के हुन सक्छन् ? जस्ता सवालहरूमा विशेष तयारी गरी शिक्षक पेसागत सहयोगको रणनीति तय गर्नु पर्दछ । विज्ञ प्राविधिक सहयोगकर्ताद्धारा कक्षा शिक्षणको अवलोकनपश्चात प्रदान गरिने रचनात्मक पृष्ठपोषण र सुझावका साथै

आवश्यकतानुसार समय-समयमा प्रदर्शन गरिने नमुना शिक्षणबाट शिक्षकले सिक्ने अवसर प्राप्त गर्दछन् । सोबमोजिम शिक्षक स्वयम्ले निरन्तर खोजी र अभ्यासमार्फत आफ्नो शिक्षण सिकाइ शैली, सिप र कलामा सुधार गर्दछ । परिणामस्वरूप विद्यार्थीको सिकाइमा सुधार आउँछ ।

## पेसागत सहयोग र सिकाइ सुधार चक्र

तल प्रस्तुत गरिएको नमुनाले पेसागत विकासमा सिकाइ प्रक्रियालाई स्पष्ट पार्दछ । शिक्षक पेसागत सहयोग प्रणालीलाई मजबुत र दिगो बनाउन तलका उपायहरू अवलम्बन गर्न सकिन्छ ।




स्रोत : शिक्षक पेसागत सहयोग स्रोत सामग्री, २०७५

शिक्षकले तालिमबाट सिकेका ज्ञान र सिपको कक्षाकोठामा रूपान्तरणलाई सुनिश्चित गर्न निरन्तर पेसागत सहयोगको आवश्यक पर्दछ । शिक्षण सिकाइका क्षेत्रमा दिनानुदिन विकास भएका नयाँ नयाँ उपागम, विधि र तौरतरिकाहरूमा शिक्षकलाई अध्यावधिक हुने अवसर प्रदान गर्न र शिक्षण सिकाइमा सुधार ल्याई विद्यार्थी सिकाइ उपलब्धि बढाउन समेत पेसागत सहयोग अनिवार्य हुन्छ ।

## कक्षाकोठामा शिक्षक पेसागत सहयोग प्रक्रिया

शिक्षक पेसागत सहयोगका क्रममा प्राविधिक सहयोगकर्ताले शिक्षकले तालिममा सिकेका ज्ञान र सिपलाई कक्षाकोठामा प्रयोग गरेको अवस्थाको अवलोकन गर्नुपर्छ । कक्षा अवलोकनपूर्व प्राविधिक सहयोगकर्ताले प्रधानाध्यापक तथा कक्षा शिक्षकको अनुमति लिनुपर्दछ । कक्षा अवलोकनका क्रममा शिक्षण सिकाइका


लागि तय गरिएका पठन तत्त्वमा आधारित विषयवस्तु, शिक्षण विधि र सामग्री प्रयोग, विद्यार्थी सक्रियता, कक्षाकोठा व्यवस्थापन जस्ता पक्षमा अवलोकन गर्नुपर्दछ । अवलोकनपश्चात शिक्षकसँग बसी छलफल गर्दै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन पृष्ठपोषण तथा सहयोग प्रदान गर्नुपर्दछ । यस क्रममा कक्षा अवलोकनमा गरिएको टिपोटका आधारमा सम्बन्धित शिक्षकसँग पाठको उद्देश्य, क्रियाकलाप, विधि, सामग्रीको प्रयोग र विद्यार्थीको सिकाइ जस्ता पक्षमा छलफल गर्नुपर्दछ र सुधारका लागि रचनात्मक पृष्ठपोषण प्रदान गर्नुपर्दछ । दिइएको सुझाव तथा पृष्ठपोषणका आधारमा सुधारका लागि कार्ययोजना निर्माण गर्न र सोको कार्यान्वयन गर्न आवश्यक सहयोग प्रदान गर्नु पर्दछ । आवश्यकतामा आधारित नमुना कक्षा शिक्षण गर्नलाई समेत प्राविधिक सहयोगकर्ता तयार रहनुपर्छ ।

## सिकाइ समूहमा शिक्षक सहयोग प्रक्रिया

प्राविधिक सहयोगकर्ताले विद्यालयमा विषय शिक्षकको सिकाइ समूहमा छलफल, अनुभव आदानप्रदान तथा सहयोगको वातावरण निर्माणका लागि सहजीकरण गर्नुपर्दछ । शिक्षक सिकाइ समूहको छलफलमा शिक्षकहरूबाट आ-आफ्ना अनुभवहरू आदानप्रदान गर्न प्रोत्साहित गर्ने, राम्रा अभ्यासहरूको प्रयोग र अभिलेखीकरण गर्ने कार्य गर्नुपर्दछ ।

## शिक्षक सिकाइ चक्र

Ralaingita, W. (2021) को 'शिक्षक पेसागत विकासः निरन्तर शिक्षक सहयोग' (Teacher Professional Development: Ongoing Teacher Support) शीर्षकको आलेखबाट साभार गरिएको प्रस्तुत सिकाइ मोडेलले शिक्षकले कसरी सिक्छन् र सिकेका ज्ञान तथा सिपलाई कसरी व्यवहारमा ल्याउँछन् भन्ने कुरा देखाइएको छ ।




स्रोत : Ralaingita, W. (2021)

प्रस्तुत मोडेलअनुसार शिक्षकले सिकाइको क्रममा सर्वप्रथम नयाँ विधिसँग परिचित हुने प्रयास गर्दछ । त्यसपश्चात आफूले सिकेको विधिलाई व्यवाहारमा प्रयोग गर्ने र त्यसबाट हासिल अनुभव र नतिजाको प्रतिविम्बन गरी आवश्यकतानुसार समायोजन गर्दछ । समायोजित विधिको पुनः प्रतिविम्बन गर्दछ र सो विधि उपयोगी वा परिणाममुखी देखिएमा त्यसलाई निरन्तरता दिने प्रयास गर्दछ । अन्यथा वैकल्पिक विधिको खोजी गरी पुनः अभ्यास गर्दछ । मूलतः शिक्षकको सिकाइ प्रक्रियामा प्राविधिक सहयोगकर्ताले देहायका पक्षमा सहयोग गर्नुपर्दछ ।

१. **नयाँ शिक्षण पद्धतिको प्रयोग** : शिक्षक पेसागत विकास तालिमको क्रममा प्रत्यक्ष वा परोक्ष रूपबाट सिकेका नयाँ शिक्षण विधिलाई कक्षा शिक्षणमा प्रयोग गर्न शिक्षकलाई प्रोत्साहन गर्ने ।

२. **समस्या समाधान** : शिक्षकले नयाँ शिक्षण विधि तथा पद्धतिको प्रयोगका क्रममा आइपर्ने समस्या तथा चुनौतीहरूको समाधान गर्न सहयोग पुऱ्याउने ।

३. **अवलोकन** : शिक्षकले लागु गरेको नयाँ शिक्षण विधि तथा पद्धतिबाट आएको परिवर्तनको अवलोकन गरी प्रतिविम्बनको अवसर प्रदान गर्ने र उपयुक्त उदाहरण नमुना अभ्यासको प्रस्तुति गर्ने ।

४. **भावी रणनीति** : हासिल भएका उपलब्धिलाई निरन्तरता दिने र सुधारका क्षेत्र पहिचान गरी सोको सुधारका रणनीति तय गर्न शिक्षकलाई सहयोग गर्ने ।

## कोचिङ तथा मेन्टोरिङ

शिक्षकको पेसागत सहयोगका लागि आन्तरिक तथा बाह्य अनुभवी विज्ञ व्यक्तिबाट निरन्तर प्राविधिक सहयोग उपलब्ध गराउने पद्धतिको रूपमा कोचिङ र मेन्टोरिङलाई लिइन्छ । यस पद्धतिमा मूलतः शिक्षकमा निहित ज्ञान तथा सिपलाई परिस्कृत गर्ने, पेसागत दक्षताको विकास गर्ने, व्यावहारिक शैक्षणिक सवालहरूमा छलफल गरी शिक्षण सिकाइका विशिष्ट रणनीतिहरूको पहिचान गर्ने, शैक्षिक योजनाको तयारी र कार्यान्वयन गर्ने, विद्यार्थी सिकाइ उपलब्धिको मापन गर्ने, उपयुक्त विधिको चयन गर्ने जस्ता पक्षमा शिक्षकलाई सहयोग उपलब्ध गराउने उपायहरू समेटिएका छन् । शिक्षकको पेसागत सहयोग तथा विकासका लागि कोचिङ र मेन्टोरिङबिच अवधारणागत रूपमा समान रहे पनि यी दुईबिच केही भिन्नताहरू पनि रहेका छन् ।

कोचिङ भनेको सिकाइलाई सबल बनाउन गरिने सहयोगको एउटा पद्धति हो । यसमा शिक्षकको कार्यसम्पादनमा सुधार ल्याउन मद्दत गरिन्छ । यो तत्काल हासिल गर्नुपर्ने ज्ञान तथा सिपमा केन्द्रित रहन्छ । सफल कोचिङका लागि प्राविधिक सहयोगकर्तासँग सम्बन्धित क्षेत्रको ज्ञान, सिप, धारणा, शैली र तरिकाहरूका बारेमा राम्रो दक्षता हुनुपर्दछ । (Eric Parsloe, The manager as coach and mentor (1999) p. 8) ।

मेन्टोरिङ भनेको अनुभवी वा वरिष्ठ शिक्षकले नवप्रवेशी वा कम अनुभव भएका शिक्षकलाई पेसागत सिकाइ, वृद्धि र विकासका लागि गरिने सहयोग हो । यसलाई संज्ञानात्मक अभिवृद्धि र सोचाइमा उल्लेखनीय परिवर्तन गर्न शिक्षकलाई गर्ने सहयोगको रूपमा पनि लिइन्छ (Clutterbuck, D & Megginson, D,

Mentoring Executives and Directors (1999), p3) । औपचारिक तथा अनौपचारिक प्रक्रियामार्फत मेन्टोरिङ गरिन्छ । औपचारिक प्रक्रियामा उपल्लो तहको अनुभवी विज्ञ शिक्षक वा प्रधानाध्यापक/आधारभूत तह संयोजकबाट कम अनुभवी शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गरिन्छ र अनौपचारिक प्रक्रियामा शिक्षकहरूको सिकाइ समुदाय (Learning Community) निर्माण र सहकर्मीबाट कक्षा अवलोकन तथा समीक्षा गरिन्छ ।

मेन्टोरिङ एक विकासात्मक प्रक्रिया हो, जसमा कोचिङ, सहजीकरण र परामर्शका आधारभूत तत्त्वहरू समाविष्ट हुन्छन् । यसको मूल लक्ष्य ज्ञानको आदानप्रदान गरी पेसागत दक्षता विकास गर्नु हो । कोचिङको तुलनामा मेन्टोरिङ प्रक्रिया दीर्घकालीन प्रकृतिको हुन्छ, जुन व्यापक अर्थमा सामाजिक, सांस्कृतिक र शैक्षिक परिवेशमा व्यक्तिको व्यक्तित्व विकास तथा सिर्जनशिलतामा पेसागत विकास केन्द्रित रहन्छ । (Renshaw, 2008, p. 11)

विद्यालय र स्थानीय तहले आफ्नो स्रोत, साधन र क्षमताका आधारमा शिक्षक पेसागत सहयोगका लागि अपनाउन सकिने कोचिङ र मेन्टोरिङका केही उपायहरू निम्नानुसार छन् :

- **प्रधानाध्यापक/आधारभूत तह संयोजक/अनुभवी शिक्षकबाट सहयोग** : शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्न प्रधानाध्यापक वा आधारभूत तह संयोजक वा अनुभवी शिक्षकले कक्षा अवलोकन गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्ने ।

- **विद्यालयस्तरीय शिक्षक सिकाइ समूह** : विद्यालयस्तरमा प्रारम्भिक कक्षा शिक्षकहरूको सिकाइ समूह निर्माण गरी निरन्तर रूपमा शिक्षकहरूबिच बैठक सञ्चालन तथा छलफलमार्फत सिकाइ-अनुभव आदानप्रदान गर्ने ।

- **स्थानीय तह वा विद्यालय क्लस्टर सिकाइ समूह** : स्थानीय तह वा सोअन्तर्गत विद्यालयहरूको क्लस्टर बनाई प्रारम्भिक कक्षा शिक्षकहरूको शिक्षक सिकाइ समूह गठन गर्ने र नियमित रूपमा बैठक सञ्चालन तथा छलफलमार्फत सिकाइ-अनुभव आदानप्रदान गर्ने ।

- **विज्ञ समूहबाट कोचिङ** : स्थानीय तहमा गठन हुने विज्ञ समूहबाट समय समयमा विद्यालयको स्थलगत भ्रमण गरी प्रारम्भिक कक्षा शिक्षकलाई कार्यसम्पादनमा देखिएका कमी कमजोरी सुधार गर्न आवश्यक सहयोग उपलब्ध गराउने ।

- **वैकल्पिक विधिको प्रयोग** : सूचना तथा सञ्चार प्रविधिको प्रयोगद्वारा प्रत्येक्ष भेटघाटविना पनि शिक्षक पेसागत सहयोग उपलब्ध गराउन सकिन्छ । यसका लागि टेलिफोन, टेलिभिजन, रेडियो, कम्प्युटर, इन्टरनेट, भिडियो/वृत्तचित्र लगायतका श्रव्यदृष्य सामग्रीहरूको उपयोग गर्न सकिन्छ ।

- **अन्तरविद्यालय अध्ययन भ्रमण** : विद्यालय तथा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वा बाहिरका प्रारम्भिक कक्षा शिक्षणमा असल अभ्यास गरेका विद्यालयहरूको स्थलगत भ्रमणको आयोजना गर्न सकिन्छ । यस क्रममा प्रधानाध्यापक, प्रारम्भिक कक्षा शिक्षक, विषयगत शिक्षकबिच छलफल, अन्तरक्रिया तथा अनुभवको आदानप्रदान गर्ने । भ्रमणबाट सिकेका कुरालाई आफ्नो विद्यालय तथा कक्षाको परिवेशअनुकूल प्रयोगमा ल्याउने ।

विद्यालय तथा स्थानीय तहले उल्लिखित उपायहरू अपनाई प्रारम्भिक कक्षा शिक्षकलाई आवश्यक पेसागत सहयोग र सहजीकरणको व्यवस्था मिलाउन सक्दछ । उक्त विधि तथा तरिकाहरूको दिगोपना र संस्थागत विकासका लागि आवश्यक नीति तथा योजनको तर्जुमा र कार्यान्वयन, आवश्यक संयन्त्रको निर्माण, प्राविधिक ज्ञानसहितको मानव संसाधन विकास र परिचालन, आर्थिक स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण तथा अभिलेखीकरण लगायतका पक्षमा जोड दिनुपर्दछ ।

शिक्षकले सम्बन्धित विषयमा पेसागत तालिम, कोचिङ वा मेन्टोरिङपश्चात हासिल गरेको ज्ञान तथा सिपको प्रयोग के कसरी भइरहेको छ भन्ने विषयमा प्राविधिक सहयोगकर्ताबाट सुपरिवेक्षण गरी थप सहयोग प्रदान गर्न निम्न प्रक्रिया अवलम्बन गर्न सकिने छ ।

१. **कक्षा अवलोकन** : स्थानीय तहमा कार्यरत शिक्षा अधिकृत, प्रधानाध्यापक, स्थानीय विज्ञ समूहका सदस्य, उपल्लो तहका विषय शिक्षकबाट विद्यालयको स्थलगत भ्रमण तथा कक्षा अवलोकन गरी शिक्षकले तालिम, कोचिङ वा मेन्टोरिङमा सिकेका विषयवस्तु, शिक्षण विधि, सिकाइ पद्धति आदिको शिक्षण सिकाइ प्रक्रियामा प्रयोगको अवस्था सुनिश्चित गर्ने । कक्षा अवलोकन गर्दा अवलोकन साधन प्रयोग गरी कक्षा शिक्षणमा देखिएका गतिविधिहरूको टिपोट र अभिलेखीकरण गर्ने ।

२. **स्व-प्रतिविम्बन** : कक्षा अवलोकनपश्चात छलफलको क्रममा अवलोकनकर्ताले शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा आफूले अनुभूति गरेका पक्षहरूमा स्व-प्रतिविम्बन गर्न लगाउने ।

३. **पृष्ठपोषण आदानप्रदान** : अवलोकनकर्ताले कक्षा अवलोकन गर्दा पाएको तथ्यका आधारमा शिक्षकको सबल पक्षको प्रशंसा गर्दै त्यसको निरन्तरताका लागि प्रोत्साहन गर्ने र सुधारात्मक पक्षहरूमा रचनात्मक पृष्ठपोषण प्रदान गर्ने ।

४. **शैक्षणिक कार्ययोजना निर्माण** : पृष्ठपोषणका आधारमा सुधारात्मक शिक्षणका लागि कार्ययोजनाको निर्माण र सोको कार्यान्वयन गर्न शिक्षकलाई सहयोग गर्ने ।

५. **फलोअप गर्ने** : दिइएको पृष्ठपोषणका आधारमा शिक्षकद्वारा निर्माण गरिएको सुधारका कार्ययोजना कार्यान्वयनको अवस्थाबारे जानकारी लिन र थप सहयोग पुर्‍याउन नियमित फलोअप गर्ने ।

## नमुना शिक्षण

शिक्षण सिकाइ व्यवहारमा सुधार ल्याउने एउटा महत्त्वपूर्ण पद्धति नमुना शिक्षण हो । यसलाई शिक्षकको धारणा, व्यवहार, विचार र सिकाइ परिमार्जन र परिष्कृत गर्ने एक सशक्त माध्यमको रूपमा पनि लिइन्छ ।

शिक्षणमा देखिएका सुधारात्मक पक्षहरूमा सुधारका लागि प्राविधिक सहयोगकर्ता वा विज्ञ शिक्षकबाट नमुना कक्षा शिक्षणको प्रस्तुतीकरण हुने गर्दछ । शिक्षकले उक्त नमुना शिक्षणको अवलोकन गरी कस्तो शिक्षण सिकाइ व्यवहार निर्माण गर्ने भन्ने धारणा बनाउँछन् । प्राविधिक सहयोगकर्ताले कक्षा शिक्षणको अवस्था अवलोकन गरी उद्देश्य निर्माण, सामग्री प्रयोग, शिक्षक निर्देशन, कार्यपुस्तकको प्रयोग तथा पठन तत्त्वगत शिक्षण सिकाइ भए नभएको यकिन गरी आवश्यकताअनुसार नमुना शिक्षण प्रस्तुत गर्नुपर्दछ ।

### पृष्ठपोषण र सहयोग

प्राविधिक सहयोगकर्ताले कक्षा अवलोकनपश्चात सुधारका पक्षहरू पहिचान गरी सुधारका उपायहरू अवलम्बन गर्न उनीहरूलाई प्रोत्साहित गर्ने प्रक्रिया नै पृष्ठपोषण हो । शिक्षण सिप, मूल्य, मान्यता र विचार परिमार्जन गर्न शिक्षकलाई पृष्ठपोषण र सहयोग उपलब्ध गराइन्छ । तालिम, कोचिङ वा मेन्टोरिङको माध्यमबाट शिक्षकले सिकेको ज्ञान र सिपअनुसार कक्षा सञ्चालन भए नभएको हेरी आवश्यक सहयोग प्रदान गर्नुपर्दछ । यस क्रममा प्राविधिक सहयोगकर्ताले शिक्षकले गरेका सबल पक्षको सराहना गर्ने र सुधारका पक्षहरूमा आवश्यक रचनात्मक पृष्ठपोषणसहित सहयोग उपलब्ध गराउनुपर्दछ । शिक्षण सिकाइ प्रक्रियाको समग्र सुधारका लागि सहकर्मी शिक्षकहरू एवम् अन्य विद्यालय/स्थानीय तहका शिक्षकसँग समेत असल अभ्यासहरूको आदानप्रदान गर्नुपर्दछ ।

## ४. शिक्षक पेसागत सहयोग सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास

### राष्ट्रिय अभ्यास

नयाँ शिक्षा पद्धतिको योजना (२०२८-२०३२) ले नीतिगत रूपमा प्राथमिक विद्यालय निरीक्षक (प्राविनि)/ माध्यमिक विद्यालय निरीक्षक (माविनि) को व्यवस्था गरी शिक्षक पेसागत सहयोगको योजनाबद्ध थालनी गरेको देखिन्छ । यस अतिरिक्त, सन् १९८० को दशकदेखि सुरू भएको ग्रामीण विकासका लागि शिक्षा परियोजना (सेती परियोजना) र प्राथमिक शिक्षा परियोजनाले सुरूवात गरेको विद्यालय सुपरिवेक्षण प्रणालीलाई शिक्षक पेसागत सहयोगको कोसेढुङ्गाका रूपमा लिने गरिन्छ । यसपश्चातका आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (प्रथम र द्वितीय), सबैका लागि शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास कार्यक्रमले समेत स्रोतकेन्द्रमार्फत शिक्षकहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गरेको थियो । उक्त योजना तथा परियोजनाहरूअन्तर्गत विद्यालयहरूलाई सुपरिवेक्षण एकाइभित्र समूहीकृत गरी आवश्यक मानव संसाधन व्यवस्थापन र परिचालन गरिएको थियो । सेती परियोजना र प्राथमिक शिक्षा परियोजनाको सकारात्मक अनुभवबाट प्रोत्साहित भई आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले स्रोतकेन्द्रको अवधारणा अवलम्बन गरी शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने रणनीति लिइएको थियो । सोअन्तर्गत स्रोतकेन्द्र र स्रोत व्यक्तिहरूबाट शिक्षक तालिम, विद्यालय अनुगमन, शिक्षक पेसागत सहयोग

प्रदान गर्ने जस्ता कार्य भएका थिए । यस अतिरिक्त शिक्षक र प्रधानाध्यापकको कार्यक्षमता अभिवृद्धि गर्ने, शैक्षिक गतिविधिहरूको सुपरिवेक्षण र अनुगमन, शिक्षकहरूको पेसागत विकासमा सहयोग, नवीनतम शिक्षण विधिहरू, सामग्रीहरू र शैक्षिक सहायता प्रदान गर्ने कार्यहरू गरिएका थिए ।

## अन्तर्राष्ट्रिय अभ्यास

विश्वका विभिन्न मुलुकले शिक्षकको शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि निरन्तर शिक्षक सहयोग प्रणालीको विकास र कार्यान्वयन गरेको पाइन्छ । इन्डोनेसिया (Indonesia) मा विद्यालय तथा क्लस्टर तहमा प्रधानाध्यापक र जिल्ला शिक्षा अधिकारीहरू समेतको उपस्थितिमा शिक्षक समूह बैठकहरू बस्छन् । उक्त बैठकमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरी शिक्षकबाट भोगिएका समस्या समाधानका उपायहरू सुझाउने गरिएको पाइन्छ । फिलिपिन्स (Philippines) मा विद्यालय र क्लस्टर तहमा शिक्षक कार्य समूहहरू (Learning Action cells) गठन गरी प्राचार्य र प्रमुख शिक्षकहरूको नेतृत्वमा छलफल गर्ने गर्दछन् । विशेष प्रशिक्षण प्राप्त गरेका व्यक्तिहरूबाट प्रारम्भिक कक्षा पढाइ कार्यक्रमद्वारा प्रदान गरिएको निर्देशिकामुताबिक मासिक रूपमा बैठकहरू बस्ने गर्छन् । त्यसैगरी केन्या (Kenya) मा दक्ष प्राविधिक सहयोगकर्ता (कोच) द्वारा नियमित कक्षा अवलोकन गर्ने गरिन्छ । उनीहरूले विद्यालय भ्रमणको क्रममा अवलोकन प्रतिक्रिया र मूल्याङ्कनहरू समावेश गरिएको ट्याब्लेटमा आधारित स्क्रिप्ट प्रोटोकल प्रयोग गर्दछन् । शिक्षकले मासिक प्रतिविम्बन (Reflective) बैठकहरू पनि राख्ने गर्दछन् । युगान्डा (Uganda) को अभ्यास हेर्दा प्रशिक्षण केन्द्रका प्रशिक्षकहरूले प्रत्येक विद्यालयको कक्षाकोठा निरीक्षण, अन्तरक्रिया र छलफलका लागि भ्रमण गर्ने र अनुभव आदानप्रदानका साथै पृष्ठपोषण प्रदान गर्ने गर्दछन् । कोच तथा विज्ञ शिक्षकले आवश्यकतानुसार पेसागत सहयोगका लागि कार्यशाला समेत सञ्चालन गर्छन् । कम्बोडिया (Combodia) मा अनुभवी शिक्षकले शिक्षण क्रियाकलाप सञ्चालन गर्ने र अन्य शिक्षकहरूले सो कक्षा अवलोकन गरी नोट तयार गर्ने र कक्षा शिक्षणपश्चात छलफल गर्ने गर्दछन् ।

यी विभिन्न मुलुकहरूको अनुभव र अभ्यासहरूको अध्ययनबाट कुनै न कुनै उपयाहरूको अवलम्बन गरी शिक्षकको पेसागत सहयोग उपलब्ध गराउने प्रयास भएको देखिन्छ । यी अनुभव र अभ्यासहरू नेपालको सन्दर्भमा पनि कतिपय हुबहु र कतिपय आफ्नै परिवेशअनुरूप अनुकूलन गरी कार्यान्वयनमा ल्याउन सकिने देखिन्छ । स्थानीय तहमा उपलब्ध साधन र स्रोतको अवस्था; विद्यालयको मानवीय, शैक्षिक तथा भौतिक अवस्था; राष्ट्रिय तथा स्थानीय आवश्यकता लगायतका पक्षहरूमा मध्यनजर राखी शिक्षक पेसागत सहयोग प्रणालीको विकास र सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

# खण्ड-ख

## १. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको परिचय

प्रारम्भिक तहका बालबालिकाको पठन सिप अभिवृद्धि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने उद्देश्यले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (सन् २०१४/१५-२०१९/२०) कार्यान्वयनमा ल्याइएको थियो । पाठ्यक्रममा सुधार, शैक्षणिक तथा सन्दर्भ सामग्रीको विकास, छपाइ र वितरण, शिक्षक पेसागत विकासका लागि प्रशिक्षक प्रशिक्षण र शिक्षक तालिम, समुदाय परिचालन, सङ्घीयदेखि स्थानीय तहसम्म सरोकारवालाहरूको क्षमता विकास गर्ने कुरामा यो कार्यक्रम केन्द्रित थियो ।

पाठ्यक्रम सुधारअन्तर्गत पठन सिप विकास अनुकूल विषय, क्षेत्र र क्रम निर्धारण, शैक्षणिक ढाँचामा सुधार गरिएको थियो । सुदृढ पाठ्यक्रमबमोजिम पठन तत्त्वमा आधारित नेपाली भाषाका साथै अन्य मातृभाषा (अवधी, मैथिली र रानाथारू) का शैक्षणिक र सन्दर्भ सामग्री विकास, छपाइ र वितरण गरिएको थियो । उक्त सामग्रीहरूको उचित व्यवस्थापन र प्रयोगको सुनिश्चितताका लागि कार्यक्रम लागु भएका जिल्लाअन्तर्गतका विद्यालयमा कक्षा १-३ सम्मका हरेक कक्षामा पुस्तक कुना (कक्षा पुस्तकालय) को व्यवस्था गरिएको थियो । शिक्षक पेसागत विकास र सहयोगका लागि तालिम पाठ्यक्रमको निर्माण, तालिम सामग्री विकास र तालिम सञ्चालन भएको थियो । बालबालिकाको पढाइ सिप विकासमा अभिभावक र समुदायको सहभागिता अभिवृद्धिका लागि अभिमुखीकरण, दौँतरी शिक्षा, पैरवी लगायतका कार्यक्रमहरू सञ्चालन गरिएका थिए । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण एवम् क्षमता विकास कार्याशालामार्फत सङ्घीयदेखि स्थानीय तहसम्मका सरोकारवालाहरूको क्षमता विकास गरिएको थियो ।

यस कार्यक्रमले शिक्षण सिकाइका लागि पठन सिप एक आधारभूत सिप भएको कुरालाई स्थापित गरेको छ । कार्यक्रमले पठन सिपमा आधारित पाठ्यक्रम, शैक्षणिक एवम् सन्दर्भ सामग्री विकास र वितरण, शिक्षक पेसागत विकास तथा सहयोगको प्रवर्द्धन, सरोकारवालाहरूको क्षमता विकास, अभिभावक र समुदाय परिचालन र पठन सिप मूल्याङ्कनको संस्थागत विकासमा प्रत्यक्ष योगदान गरेको छ । कार्यक्रमले बालबालिकाहरूको पठन सिप अभिवृद्धिमा सकारात्मक सुधार गरेको तथ्यलाई यसको आवधिक मूल्याङ्कन तथा अन्य अध्ययनहरूले समेत पुष्टि गरेका छन् ।

## २. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा शिक्षक पेसागत सहयोग

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मूल दस्तावेजमा प्रारम्भिक कक्षा पढाइ शिक्षणको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी प्रारम्भिक कक्षामा अध्यापन गर्ने शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने व्यवस्था गरिएको छ । यसअनुरूप कार्यक्रम लागु भएका पहिलो चरणका ६ ओटा जिल्लाहरूमा पठन उत्प्रेरकको व्यवस्था गरी शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने व्यवस्था गरिएको थियो । यसअन्तर्गत प्रत्येक स्रोतकेन्द्रभित्र दुईजना पठन उत्प्रेरकको व्यवस्था गरिएको थियो । प्रारम्भिक कक्षामा शिक्षण गर्ने नेपाली विषयमा स्नातक गरेका स्थायी शिक्षकहरूमध्येबाट पठन उत्प्रेरकहरू छनोट गरी परीक्षणका रूपमा परिचालन गरिएको थियो । पठन उत्प्रेरकलाई आफ्नो विद्यालयको पठन पाठनको जिम्मेवारीका साथै स्रोतकेन्द्रभित्र तोकिएका क्लष्टरअन्तर्गतका विद्यालयहरूको प्रत्येक महिना दुई पटक भ्रमण गरी शिक्षकलाई आवश्यक स्थलगत प्राविधिक सहयोग प्रदान गर्ने जिम्मेवारी तोकिएको थियो । तर पठन उत्प्रेरकको दोहोरो जिम्मेवारी र कार्यबोझ, विद्यालयको नियमित पठनपाठनमा पर्ने प्रभाव, शिक्षक दरबन्दीको सीमितता लगायतका कारण उक्त व्यवस्थाले निरन्तरता पाउन सकेन ।

शिक्षक पेसागत सहयोग प्रणालीको निरन्तरताका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७४ लागु गर्‍यो । यस कार्यविधिमा शिक्षक पेसागत सहयोगका लागि आधारभूत तहको विद्यालयको हकमा प्रधानाध्यापक र माध्यमिक विद्यालयको हकमा आधारभूत तहको इन्चार्जलाई शिक्षक पेसागत सहयोगको जिम्मेवारी दिने व्यवस्था गरिएको थियो । यस व्यवस्थाअनुसार प्रधानाध्यापक वा आधारभूत तह इन्चार्जलाई प्रारम्भिक कक्षामा नेपाली विषय अध्यापन गर्ने शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन नियमित कक्षा अवलोकन गरी पृष्ठपोषण र प्राविधिक सहयोग प्रदान गर्ने गरी मुख्य जिम्मेवारी तोकिएको थियो । मुलुकमा संघीयता कार्यान्वयन भएसँगै शिक्षा क्षेत्रका संरचनाहरूमा आएको परिवर्तन समेतलाई सम्बोधन गर्न शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७४ मा समयानुकूल परिमार्जन गरी शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । सोही कार्यविधिका आधारमा यो शिक्षक पेसागत सहयोग मार्गदर्शन, २०७७ तयार पारिएको छ ।

## ३. शिक्षक पेसागत सहयोगको विद्यमान अवस्था

परिवर्तित समय र परिवेशअनुसार शिक्षकलाई पेसागत सहयोग उपलब्ध गराउने सम्बन्धमा विविध अभ्यासहरू कार्यान्वयनमा ल्याइएको पाइन्छ । तर विगतमा भएको स्रोतकेन्द्र प्रणालीको खारेजीका साथै स्थानीय तहमा दरबन्दीको पूर्ण रूपमा पूर्ति हुन नसक्दाको अवस्थामा शिक्षकले अपेक्षाकृत पेसागत सहयोग प्राप्त गर्न सकेका छैनन् । परिणामस्वरूप विद्यार्थी सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार हुन नसकेको, विद्यालयका शिक्षकहरूमा शैक्षणिक पद्धति (Pedagogical Approach) प्रभावकारी हुन नसकेको अवस्था

विद्यमान रहेको छ । तथापि हालको अवस्थामा आधारभूत तथा माध्यमिक तहको विद्यालय शिक्षा सञ्चालन व्यवस्थापनसम्बन्धी सम्पूर्ण जिम्मेवारी तथा अधिकार स्थानीय तहमा निहित हुने संवैधानिक प्रावधान रहेको छ (अनुसूची-८) । यसबमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) को बुँदा १ मा स्थानीय सरकारले स्थानीय तहमा सबै प्रकारका शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने तथा यसैको बुँदा १० मा विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने जस्ता विषय स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने कुरा उल्लेख गरिएको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने विद्यालयको नियमित अनुमगन तथा सुपरिवेक्षण लगायत शिक्षकलाई पेसागत सहयोग उपलब्ध गराउने जिम्मेवारी पनि स्थानीय तहको अधिकार क्षेत्रभित्र नै पर्दछ ।

यसै सन्दर्भमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले सन् २०२० मार्चमा गरेको "प्रारम्भिक कक्षा पढाइ कार्यक्रम-शिक्षक पेसागत सहयोग प्रणालीको प्रभावकारिता अध्ययन" प्रतिवेदनमा शिक्षक पेसागत सहयोग प्रणालीमा सुधार तथा थप व्यवस्थित गर्नका लागि निम्न पक्षमा जोड दिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

- शिक्षक पेसागत सहयोगका लागि समर्पित, अनुभवी, प्राविधिक ज्ञान र सिप भएका सहजकर्ता नियुक्ति (नेपाली विषय विशेषज्ञ हुँदा अझ राम्रो) गर्नुपर्ने ।
- शिक्षक पेसागत सहयोगका लागि विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक सङ्घको क्षमता विकास र अभिमुखीकरण गर्नुपर्ने ।
- स्थानीय तहमा विद्यालयहरूले गरेका राम्रा अभ्यास, चुनौती र त्यसको समाधानका बारेमा निरन्तर छलफल हुनुपर्ने ।
- प्रारम्भिक कक्षामा पढाउने शिक्षक समूहबिच नियमित अनुभव आदानप्रदान गर्ने ।
- स्थानीय तहका शिक्षा अधिकृतहरूलाई शिक्षक पेसागत सहयोग तालिम प्रदान गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीलाई स्थानीय तहको नियमित अनुगमन प्रणालीमा समावेश गर्नुपर्ने ।
- हरेक विद्यालयमा कम्तीमा एकजना अनुभवी दक्ष शिक्षक छनोट गरी मेन्टोरिङ/कोचिङका लागि जिम्मेवार बनाउने ।
- शिक्षक पेसागत सहयोगमा योगदान पुऱ्याउने व्यक्तिलाई पुरस्कृत गर्ने ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्तर्गत निकायमा आवश्यक नीति, योजना तथा बजेटको व्यवस्था मिलाउनुपर्ने ।

यस अवस्थालाई ध्यानमा राखी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले शिक्षकहरूको कक्षाकोठा केन्द्रित शिक्षण अभ्यास सुधार गर्न स्थलगत प्राविधिक सहयोगलाई एक महत्त्वपूर्ण उपायको रूपमा अगाडि बढाएको छ । यस मार्गदर्शनमा एकीकृत पाठ्यक्रममा आधारित नेपाली विषयलाई केन्द्रमा राखेको छ । मार्गदर्शनले प्रधानाध्यापक वा आधारभूत तह संयोजक वा नेपाली विषय शिक्षणमा सहयोग गर्ने सहजकर्ता, स्थानीय तहको शिक्षा अधिकृत, तालिम प्रदायक संस्थाहरूका अधिकृत लगायत अन्य संलग्न जनशक्तिलाई प्राविधिक सहयोगकर्ताको रूपमा पहिचान गरिएको छ ।

शिक्षक पेसागत सहयोगका लागि प्रधानाध्यापक र आधारभूत तह संयोजकको क्षमता विकासका लागि शिक्षक पेसागत तालिम प्याकेज विकास, पठन तत्त्वगत अवधारणा र सिकाइ सहजीकरण प्रक्रिया, पाठ्यसामग्री तयारी, प्रारम्भिक कक्षा पढाइको अवधारणाअनुसार शिक्षण भए नभएको, प्राविधिक सहयोग, कक्षा अवलोकन तथा सहयोग, निकायगत समन्वय र सहकार्य जस्ता पक्ष समेटी शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गरी कार्यान्वयनमा ल्याउन प्रस्ताव गरेको छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको नियमित अनुगमन गर्ने कार्यमा स्थानीय तह शिक्षा शाखा प्रमुख, शिक्षा अधिकृत, विद्यालयका प्रधानाध्यापक वा आधारभूत तह संयोजक, विषय विज्ञ शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाइएको छ । यसका साथै शिक्षा विकास तथा समन्वय एकाइ तथा तालिम प्रदायक संस्थाहरूले शिक्षक तालिमपश्चात शिक्षकहरूको दैनिक पेसागत शिक्षणका क्रममा आइपर्ने समस्या समाधान र गुणस्तर सुधारका लागि विद्यालय तहमा नै शिक्षकहरूबिच सिकाइ अनुभव आदानप्रदान र समस्याहरूमा सामूहिक छलफल र निष्कर्षसहित कार्यान्वयन गर्ने परिपाटीको विकासमा जोड दिइएको छ ।

यस मार्गदर्शनमा प्राविधिक सहयोगकर्ताले शिक्षकले तालिममा सिकेका नयाँ ज्ञान, सिप र अवधारणालाई कक्षाकोठामा गरेका अभ्यासको अवलोकन गर्ने, अवलोकनबाट आएका वा देखिएका सुधारका विषयलाई स्थलगत प्राविधिक परामर्श र सहयोग प्रदान गर्ने, विद्यालय तहमा शिक्षक सिकाइ समूहबिच छलफल, पृष्ठपोषणका अतिरिक्त स्थानीय तहमा गठित शिक्षक सिकाइ समूहबिच अनुभव आदानप्रदान, समस्या समधान र एक आपसमा सहयोग वातावरण सिर्जना गर्ने जस्ता नवीनतम उपायहरू अवलम्बन गर्न सक्ने प्रावधान रहेका छन् ।

## ४. शिक्षक पेसागत सहयोग प्रणालीमा विभिन्न पक्षको भूमिका

सङ्घीय संरचनाअनुरूप मुलुकमा सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकार गठन भई सञ्चालनमा रहेका वर्तमान परिप्रेक्ष्यमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न र निरन्तर शिक्षक पेसागत सहयोग प्रणालीको विकास र कार्यान्वयनमा विभिन्न तहका सरकारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मर्म र भावनाअनुसार शिक्षकलाई पेसागत सहयोग उपलब्ध

गराउने कार्यमा विद्यालयभित्र प्रधानाध्यापक, आधारभूत तह संयोजक, अनुभवी वरिष्ठ शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको उल्लेखनीय भूमिका रहन्छ । त्यसैगरी स्थानीय तहमा स्थानीय सरकार तथा स्थानीय शिक्षा युवा तथा खेलकुद शाखा/महाशाखाको, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ । प्रभावकारी शिक्षण गरी विद्यार्थीहरूको उच्च सिकाइ उपलब्धि सुनिश्चितताका लागि शिक्षकलाई उपलब्ध गराइने निरन्तर पेसागत सहयोग तथा उत्प्रेरणाका लागि उल्लिखित विभिन्न तहबाट निर्वाह हुने भूमिका तथा जिम्मेवारीलाई तल उल्लेख गरिएको छ ।

४.१ **विद्यालय तह** : विद्यालय तह शिक्षक पेसागत सहयोगको मुख्य केन्द्र हो । विद्यालयको सही व्यवस्थापन र यसको भूमिका, सिकाइ वातावरण र सहजीकरण, शिक्षकले पाएको तालिम तथा पेसागत सहयोगका आधारमा नै शिक्षकले समग्र शिक्षण क्रियाकलाप गर्ने र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन विद्यालय तहका सरोकार पक्षको भूमिकालाई तल उल्लेख गरिएको छ ।

### क) शिक्षकको भूमिका :

- विषयगत तालिममा (एकीकृत पाठ्यक्रम नेपाली विषयसम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रममा) सक्रियतापूर्वक अनिवार्य रूपमा भाग लिई त्यसबाट प्राप्त ज्ञान तथा सिप तोकिएको विधि र प्रक्रियाअनुसार कक्षाकोठामा प्रयोग गर्ने ।
- एकीकृत पाठ्यक्रमसम्बन्धी तालिममा प्राप्त ज्ञान तथा सिपका आधारमा दैनिक रूपमा शिक्षक निर्देशिकाले निर्दिष्ट गरेअनुसार शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने ।
- विषयगत तालिम वा एकीकृत पाठ्यक्रम नेपाली विषयसम्बन्धी तालिमबाट प्राप्त ज्ञान तथा सिप तालिम नलिएका अन्य शिक्षकहरूसमक्ष आदानप्रदान गरी अन्य शिक्षकहरूलाई आवश्यक मेन्टोरिङ गर्ने ।
- विषयगत शिक्षकहरू (कक्षा १-३ मा नेपाली विषय शिक्षण गर्ने) बिच कम्तीमा पनि महिनामा एकपटक भेला गरी छलफल गर्ने र शिक्षणमा आएका समस्याहरू समाधान गर्ने ।
- विषयगत शिक्षणमा वा एकीकृत पाठ्यक्रम नेपाली विषयमा अनुभवी शिक्षकबाट कम अनुभव प्राप्त शिक्षकहरूलाई सहयोग गर्नुपर्ने छ । उनीहरूलाई प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको विधि तथा प्रक्रियाअनुसार शिक्षण सिकाइ गर्न सहजीकरण गर्ने ।

- एकीकृत पाठ्यक्रम नेपाली विषयको निर्धारित विधि र प्रक्रियाअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा भोगिएका समस्याहरू समाधानका लागि प्रधानाध्यापक वा आधारभूत तह संयोजक वा अनुभवी शिक्षकसमक्ष प्रस्तुत गरी छलफलबाट समाधानका उपायहरू पहिल्याउने ।

- विद्यालय तहमा समाधान हुन नसकेका समस्याहरूको सूची तयार गरी स्थानीय तह वा विद्यालय क्लस्टरमा शिक्षक सिकाइ समूहको समीक्षा बैठकमा प्रस्तुत गरी समाधानका उपायहरूको खोजी गर्ने ।

## ख) प्रधानाध्यापक/आधारभूत तह संयोजकको भूमिका

- नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट कार्यान्वयनमा ल्याइएको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई पूर्ण जिम्मेवारीका साथ विद्यालयमा कार्यान्वयन गर्ने, गराउने ।

- कक्षा १, २ र ३ मा पठन तत्त्वमा आधारित भएर विकास गरिएका सिकाइ सामग्रीको उपलब्धताको सुनिश्चित गरी सोको उचित प्रयोग भए, नभएको अनुगमन गर्ने र सोको अधिकतम प्रयोगका लागि शिक्षकलाई आवश्यक सहयोग गर्ने ।

- कक्षा १, २ र ३ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकलाई प्रारम्भिक कक्षा पठन सिप विकास तालिमका लागि छनोट र सिफारिस गर्ने ।

- सकेसम्म तालिम प्राप्त शिक्षकलाई मात्र कक्षा १, २ र ३ मा अध्यापनका लागि जिम्मेवारी प्रदान गर्ने ।

- कक्षा १, २ र ३ मा एकीकृत पाठ्यक्रमअनुसार शिक्षकले पठनपाठन गरे, नगरेको नियमित रूपमा अनुगमन गरी उनीहरूलाई आवश्यकताअनुसार पेसागत सहयोग प्रदान गर्ने । यसरी प्रदान गरिने पेसागत सहयोगबाट विषयवस्तु, शिक्षण विधि/प्रक्रिया र शैक्षिक सामग्रीको प्रयोग जस्ता पक्षहरूमा शिक्षकले भोगेका समस्याहरूको समाधानमा टेवा पुगेको हुनु पर्दछ ।

- कक्षा १-३ मा अध्यापन गर्ने शिक्षकहरूको महिनामा हरेक कक्षाको कम्तीमा १ पटक कक्षा अवलोकन गरी शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने ।

- नियमित रूपमा विद्यालयमा प्रारम्भिक कक्षा शिक्षणमा संलग्न शिक्षकहरूको महिनामा एकपटक छलफल तथा अन्तरक्रिया गरी शिक्षण सिकाइ क्रियकालपामा आइपरेका समस्याहरूको पहिचान गर्ने र सोको समाधान गर्न आवश्यक सहयोग गर्ने ।

- एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभिभावक तथा शिक्षकसँग अन्तरक्रिया गरी पठन सिप प्रवर्धनमा शिक्षक अभिभावकको सक्रियता बढाउने ।

- शिक्षक अभिभावक सङ्घ तथा विद्यालय व्यवस्थापन समितिसँग नियमित बैठक बसी प्रारम्भिक कक्षा पढाइका बारेमा समीक्षा गरी सुधारका लागि पहल गर्ने ।

- बालबालिकाको पढाइ सिप विकासमा समुदाय तथा परिवारको संलग्नता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

- निर्देशित ढाँचाको कक्षा अवलोकन फाराम (अनुसूची १) प्रयोग गरी प्रारम्भिक कक्षा शिक्षकको कक्षा अवलोकन गर्ने । कक्षा अवलोकनपश्चात सम्बन्धित शिक्षकसँग छलफल तथा अन्तरक्रिया गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने र सोको अभिलेखीकरण गर्नुपर्ने ।

- विद्यालय तहको शैक्षणिक नेतृत्वको पूर्णतया जिम्मेवारी बहन गर्ने ।

## ग) विद्यालय व्यवस्थापन समितिको भूमिका

- विद्यालयमा उचित सिकाइ वातावरणको निर्माण गर्ने र कक्षाकोठाको बसाइ व्यवस्थापन बालमैत्री बनाउन पहल गर्ने ।

- प्रधानाध्यापक, शिक्षक तथा अभिभावकसँग संयुक्त बैठक बसी विद्यालयको सबल र सुधार गर्नुपर्ने पक्षमा छलफल तथा समीक्षा गरी सुधारका लागि कार्ययोजनाको निर्माण र सोको कार्यान्वयन गर्ने, गराउने ।

- प्रारम्भिक कक्षा शिक्षकहरूलाई प्रभावकारी शिक्षण गर्न अभिप्रेरित गर्ने र उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कृत तथा सम्मान गर्ने ।

- कक्षाकोठामा आवश्यक शैक्षणिक सामग्रीको उपलब्धता र उपयोगको अवस्था वारे प्रधानाध्यापक र शिक्षकहरूसँग छलफल गर्ने र सोको उचित प्रबन्ध र प्रयोगका लागि आवश्यक मार्गदर्शन गर्ने ।

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमसँग सम्बन्धित अभिमुखीकरण, गोष्ठी तथा तालिम जस्ता कार्यक्रमहरूमा सहभागी हुन विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक तथा शिक्षकहरूलाई प्रोत्साहित गर्ने ।

- प्रधानाध्यापकसँग परामर्श र छलफल गरी राम्रो शिक्षण गर्ने शिक्षकलाई प्रोत्साहित गर्ने र शिक्षक पेसागत सहयोग प्रणालीलाई व्यवस्थित बनाउन प्रधानाध्यापक तथा शिक्षकलाई उचित मार्गदर्शन गर्ने ।

## घ) शिक्षक अभिभावक सङ्घको भूमिका

- विद्यालयमा पढाइ सिप प्रवर्द्धनका लागि शिक्षक अभिभावकबिच भेला, छलफल, अन्तरक्रिया गरी पढाइमैत्री वातावरण बनाउन पहल गर्ने ।

- विद्यालयले आयोजना गर्ने पढाइ उत्सव, पढाइ प्रतियोगिता, कक्षामा आधारित पठन सिप परीक्षण तथा नतिजा प्रवोधीकरण, अभिभावक अभिमुखीकरण लगायतका क्रियाकलापहरूमा सहभागी हुने ।

- विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन तथा शिक्षकहरू समेतको सहभागितामा शिक्षकलाई प्रोत्साहन गर्न सहयोग गर्ने ।

## ङ) विद्यालय तहमा शिक्षक सिकाइ समूह

शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ को दफा ४ को भ २ बमोजिम विद्यालय तहमा प्रधानाध्यापकको संयोजकत्वमा कक्षा १-३ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकको शिक्षण सिकाइ समूह गठन हुने व्यवस्था गरिएको छ । शिक्षकहरूबिच असल अभ्यासहरूको आदानप्रदान, समस्या तथा चुनौतीको समाधान गर्न कम्तीमा महिनामा एक पटक आफ्नो विद्यालयमा प्रारम्भिक कक्षा शिक्षकको बैठक सञ्चालन गर्नुपदर्छ । विद्यालय तहमा गठन हुने शिक्षक सिकाइ समूहको भूमिका निम्नानुसार हुनेछ ।

- शिक्षण सिकाइका आफ्ना अनुभवहरू आदानप्रदान गर्ने र असल अभ्यासहरूको अनुशरण गर्ने ।

- सिकाइका प्रभावकारी उपाय तथा तरिकाहरू एकआपसमा आदानप्रदान गर्ने ।

- शिक्षण सिकाइका क्रममा आइपेरका समस्या तथा चुनौतीहरूका बारे छलफल गरी समाधानका उपाय पहिल्याउने ।

- विद्यालयमा उपलब्ध शैक्षणिक तथा सन्दर्भ सामग्रीको उच्चतम प्रयोगका बारेमा छलफल गर्ने ।

- विद्यालय तहमा शैक्षणिक सामग्रीको निर्माण र प्रयोगका बारेमा छलफल गर्ने ।

- विद्यालय तहको शिक्षण सिकाइ समूहमा समाधान हुन नसकेका समस्याहरू टिपोट गरी स्थानीय तहमा हुने प्रधानाध्यापकको बैठकमा तथा स्थानीय शिक्षक सिकाइ समूहमा प्रस्तुत र समीक्षा गरी समाधानका उपायहरू पहिल्याउने ।

## ४.२. स्थानीय तह

**क) स्थानीय सरकार**

शिक्षक पेसागत सहयोगका सन्दर्भमा स्थानीय सरकारले गर्नुपर्ने भूमिका देहायबमोजिम हुनेछ ।

- स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा शिक्षक पेसागत सहयोग प्रणालीलाई प्राथमिकताकासाथ समावेश गर्ने ।

- स्थानीय तहले आफ्नो क्षेत्रभित्र शैक्षिक सुधारका लागि स्थानीय शिक्षा योजनाको निर्माण र कार्यान्वयन गर्ने ।

- स्थानीय तहले शिक्षकको पेसागत विकास तथा सहयोग प्रणालीलाई सबलीकरण गर्ने ।

- अनुगमन योजनामा शिक्षक पेसागत सहयोगसम्बन्धी विषय समेत समावेश गरी कार्यान्वयन गर्ने ।

- स्थानीय तहले उपलब्ध स्रोत, साधन र क्षमताको आधारमा व्यावहारिक र नवीनतम शिक्षक पेसागत सहयोगका उपायहरूको अवलम्बन गरी कार्यान्वयन गर्ने ।

यसका अतिरिक्त स्थानीय तहले तलको तालिकामा दिइएका केही नमुना अभ्यासका विकल्पहरूको छनोट गरी कार्यान्वयनमा ल्याउन सक्नेछन् ।

## शिक्षक पेसागत सहयोगका लागि नमुना अभ्यासका विकल्पहरू

| तत्कालीन विकल्पहरू | दीर्घकालीन विकल्पहरू |
|---|---|
| • शिक्षक पेसागत सहयोगका लागि विद्यालयका प्रधानाध्यापक/आधारभूत तह संयोजकद्वारा कक्षा अवलोकन र पृष्ठपोषण ।<br>• विद्यालय तहमा शिक्षक सिकाइ समूह गठन तथा सहकार्यात्मक छलफल ।<br>• सहकर्मी शिक्षकबिच छलफल ।<br>• स्थानीय तहमा विषय विज्ञ समूहको गठन, क्षमता विकास र परिचालन ।<br>• स्थानीय तहमा विषय शिक्षकहरूबिच घुम्ती बैठक सञ्चालन । | • विद्यालयका प्रधानाध्यापक/आधारभूत तह संयोजकलाई शिक्षक पेसागत सहयोगसम्बन्धी तालिमको व्यवस्था ।<br>• शिक्षक पेसागत सहयोगसम्बन्धी विषय स्थानीय तहको शिक्षा योजनामा समावेश ।<br>• स्रोत शिक्षकको नियुक्ति तथा परिचालन ।<br>• स्थानीय तहमा गठित विषय विज्ञ समूहको क्षमता विकास र परिचालन ।<br>• स्थानीय तहमा शिक्षक सिकाइ समूहको आवाधिक बैठक तथा छलफल । |

**ख) स्थानीय तह शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखाको भूमिका**

- स्थानीय तहमा निर्माण हुने आवधिक शिक्षा योजनामा शिक्षक पेसागत विकास तथा सहयोगसम्बन्धी प्रावधानलाई समावेश र कार्यान्वयन गर्ने ।
- विद्यालय सुधार योजनामा शिक्षक पेसागत सहयोगसम्बन्धी व्यवस्थालाई प्राथमिकताका साथ समावेश गर्न विद्यालयहरूलाई आवश्यक सहयोग गर्ने ।
- नमुनाका रूपमा विद्यालयहरूको अवलोकन गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र एकीकृत पाठ्यक्रम नेपाली विषयले तय गरेको विधि र प्रकियाअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भए नभएको नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।
- पठन सिप विकासका लागि शिक्षक पेसागत विकास तथा पेसागत सहयोग कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्थापन गर्ने ।

- शिक्षक पेसागत सहयोगका लागि स्थानीय तहमा गठन भएको विषय विज्ञ समूहको परिचालन गरी प्रारम्भिक कक्षा शिक्षकको कक्षा अवलोकन, छलफल, अन्तरक्रिया, पृष्ठपोषण लगायतका प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने ।

- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्रद्वारा विकसित शैक्षणिक सामग्रीहरूको छपाइ, वितरण तथा प्रयोगको अवस्था सुनिश्चित गर्ने ।

- एकीकृत पाठ्यक्रम नेपाली विषयअन्तर्गत पठन तत्त्वमा आधारित शैक्षणिक सामग्रीहरू स्थानीयस्तरमा विकास, छपाइ, वितरण र प्रयोगको अवस्था सुनिश्चित गर्ने ।

- विज्ञ समूह गठन तथा परिचालन गर्ने, शिक्षक सिकाइ समूह बैठक सञ्चालन गर्ने ।

- नियमित हुने प्रधानाध्यापक बैठकहरूमा शिक्षक पेसागत सहयोग कार्यक्रमको समीक्षा गरी प्रभावकारिताका लागि रणनीति तय गर्ने ।

### ग) स्थानीय तहमा विज्ञ समूहको भूमिका

स्थानीय तहमा गठन भएको विज्ञ समूहले शिक्षक पेसागत सहयोग प्रणालीको उद्देश्यअनुसार नियमित रूपमा कक्षा अवलोकन, छलफल तथा प्रतिविम्बन र पृष्ठपोषण प्रदान गरी प्रारम्भिक कक्षाको पढाइ सिप अभिवृद्धि गर्न निरन्तर शिक्षक पेसागत सहयोग गर्ने कार्यमा क्रियाशील रहनुपर्ने छ । शिक्षक पेसागत सहयोगका लागि विज्ञ समूहको भूमिका निम्नानुसार हुनेछ ।

- स्थानीय तहमा प्रत्येक महिना सञ्चालन हुने प्रधानाध्यापकहरूको बैठकमा उपस्थित हुने र एकीकृत पाठ्यक्रम नेपाली विषयको शिक्षण सिकाइका बारेमा समीक्षात्मक छलफल गरी आइपरेका समस्या समाधान गर्न सहयोग गर्ने ।

- एकीकृत पाठ्यक्रम नेपाली विषयको कक्षा अवलोकन गरी शिक्षण सिकाइ के कसरी भएको छ, तोकिएको विधि, प्रक्रिया र सामग्री प्रयोग भए नभएको यकिन गरी शिक्षण सिकाइमा सुधार गर्न आवश्यक सहयोग गर्ने ।

- स्थानीय तहमा गठित शिक्षक सिकाइ समूहको मासिक बैठक व्यवस्थापन गर्ने र शिक्षण सिकाइ क्रियाकलापको समीक्षा गर्ने ।

- शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरूले भोगेका समस्याहरूको बारेमा छलफल गरी समाधान गर्न शैक्षणिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

- एकीकृत पाठ्यक्रमअन्तर्गत विकसित विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका र अन्य शैक्षिक सामग्रीको प्रयोगका बारेमा नियमित अनुगमन गरी आवश्यकताअनुसार शिक्षक तथा विद्यालयका प्रधानाध्यापकलाई सुझाव तथा सहयोग गर्ने ।

- मासिक रूपमा कक्षा १-३ को नेपाली विषयको कक्षा अवलोकन गरी शिक्षकलाई पृष्ठपोषण प्रदान गर्ने र आवश्यकताअनुसार नमुना शिक्षण प्रदर्शन गर्ने ।

- शिक्षक पेसागत सहयोग प्रणालीसँग सम्बन्धित नवीनतम ज्ञान, सिप, शिक्षण विधिको खोज गरी शिक्षकबिच सम्प्रेषण गर्ने ।

### घ) स्थानीय तहमा गठन हुने शिक्षक सिकाइ समूहको भूमिका

शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७ को दफा ४ को झ २ बमोजिम हरेक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखा प्रमुख वा निजले तोकेको अधिकृतको संयोजकत्वमा स्थानीय तहअन्तर्गतका विद्यालयहरूमा कक्षा १-३ मा नेपाली विषय अध्यापन गर्ने शिक्षकको शिक्षक सिकाइ समूह गठन गर्न सकिने व्यवस्था गरिएको छ । सो समूहको बैठक कम्तीमा दुई महिनामा एक पटक बसी शिक्षणका क्रममा हासिल गरिएका अनुभव तथा असल अभ्यासहरूको आदानप्रदान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका क्रमा भोगिएका समस्याहरू एकापसमा समीक्षा तथा छलफल गरी समाधानका व्यावहारिक उपायहरूको खोजी गर्ने र शिक्षणका नवीनतम विधि तथा पद्धतिहरूको खोजी गर्न सक्दछ । स्थानीय तहमा शिक्षक सिकाइ समूहको भूमिकाहरू देहायबमोजिम हुन सक्नेछन् ।

- आफ्ना अनुभवहरू तथा असल अभ्यासहरू एक आपसमा आदानप्रदान गर्ने ।

- शिक्षकहरूका साझा समस्या तथा चुनौतीहरूको पहिचान र समाधानका उपायहरूको खोजी गर्ने ।

- शिक्षकबिच छलफलका लागि प्रोत्साहन गर्ने र सोका लागि उपयुक्त वातावरणको निर्माण गर्ने ।

- अन्तर विद्यालय अध्ययन भ्रमणको योजना निर्माण र कार्यान्वयन गर्ने ।

- अन्तर विद्यालय पढाइ प्रतियोगिताहरूको आयोजना गर्ने गराउने ।

स्थानीय तहमा हुने शिक्षक सिकाइ समूहको बैठकमा समूहको संयोजकले निम्न विषयहरूमा ध्यान दिनु पर्दछ ।

- शिक्षकका कुरा ध्यानपूर्वक सुन्ने ।
- उनीहरूको अनुभवहरूको कदर गर्ने ।

- शिक्षकका समस्या तथा चुनौतीहरूको पहिचान गरी समधानका उपायहरू पहिल्याउन सहयोग गर्ने ।
- हरेक शिक्षकलाई आफ्ना अनुभव तथा विचारहरू राख्न प्रोत्साहन गर्ने ।
- शिक्षकबाट भएका असल अभ्यासहरूको आदानप्रदान र अभिलेखीकरण गर्ने ।

समूहको बैठक स्थानीय तहअन्तर्गत रहेका विद्यालय सङ्ख्याको आधारमा स्थानीय तहले तोकेको क्लस्टरमा हुन सक्नेछ । क्लस्टरमा हुने बैठक सञ्चालनका लागि तह संयोजकले सहभागी शिक्षकहरूमध्येबाट सहजकर्ता तोक्न सक्नेछ ।

## ४.३. शिक्षा विकास तथा समन्वय एकाइको भूमिका

जिल्ला स्तरमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी शिक्षा विकास तथा समन्वय एकाइको हुनेछ । यसअन्तर्गत शिक्षक पेसागत विकास र सहयोगका लागि उपयुक्त वातावरण सिर्जना गर्ने, निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गरी सुधारका उपायहरू पहिल्याउन सहयोग गर्ने जस्ता जिम्मेवारी पर्दछ । पेसागत सहयोग उपलब्ध गराउने सन्दर्भमा शिक्षा विकास तथा समन्वय एकाइको भूमिका देहायबमोजिम हुनेछ :

- स्थानीय तहसगँको समन्वयमा शिक्षक पेसागत सहयोग कार्यान्वयनमा सहजीकरण गर्ने ।
- शिक्षक पेसागत सहयोगसँग सम्बन्धित तालिम, गोष्ठी, छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने ।
- नेपाली भाषा शिक्षण सिकाइका क्रममा शिक्षकले भोगेका कठिनाइहरूलाई सम्बोधन गर्न आवश्यक छलफल गरी पृष्ठपोषण दिने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, तथा प्रारम्भिक कक्षामा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरूलाई उनीहरूको भूमिका, दायित्व तथा कामका बारेमा जानकारी गराउने ।
- त्रैमासिक वा अर्धवार्षिक रूपमा स्थानीय तह शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखासँग शिक्षक पेसागत सहयोगका सन्दर्भमा भएका उपलब्धि तथा चुनौतीका विषयमा छलफल गरी भावी कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

## ४.४. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम जिल्ला समन्वय समिति (NEGRP DCC) को भूमिका

कार्यक्रम लागु भएका प्रत्येक जिल्लमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (National Early Grade Reading program) कार्यान्वयनमा समन्वय र सहजीकरण गर्न राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम जिल्ला समन्वय समिति गठन भई क्रियाशील छ । शिक्षक पेसागत सहयोगका सम्बन्धमा समितिको भूमिकाहरू देहायबमोजिम रहेका छन् :

- स्थानीय तह र अन्य सम्बद्ध निकायहरूबिच समन्वय गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोगका सन्दर्भमा भए गरेका कार्यक्रमको समीक्षा गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने ।
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रवर्द्धनका लागि जिल्ला तहमा आवश्यक रणनीति तथा कार्यक्रम तय गर्ने ।
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ जिल्ला समन्वय समितिको आवाधिक समीक्षात्मक बैठक बस्ने ।
- जिल्लास्तरमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कायर्क्रमअन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन गरी असल अभ्यासहरूलाई सरोकारवाला समक्ष सम्प्रेषण गर्ने र अभिलेखीकरण गर्ने ।

## ४.५. शिक्षा विकास निर्देशनालयको भूमिका

प्रदेश स्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अनुगमन तथा शिक्षक पेसागत सङ्घसंस्थाका प्रतिनिधिहरू र विज्ञ समूह लगायतका सरोकारवालाहरूसँग आवधिक रूपमा हुने छलफल अन्तरक्रियामार्फत शिक्षकको पेसागत सहयोग प्रवर्द्धनमा शिक्षा विकास निर्देशनालयको महत्त्वपूर्ण भूमिका रहन्छ । निर्देशनालयले प्रदेशस्तरमा शिक्षा नीति तथा योजना तर्जुमा गर्दा शिक्षक पेसागत सहयोग प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका साथ समावेश गर्न सक्ने छ । शिक्षा विकास निर्देशनालयले शिक्षक पेसागत विकास र सहयोगका सम्बन्धमा देहायका भूमिकाहरू निर्वाह गर्न सक्नेछ ।

- जिल्ला तथा स्थानीय तहसँग समन्वय गरी शिक्षक पेसागत सहयोग प्रवर्द्धनका लागि समन्वय र सहजीकरण गर्ने ।

- शिक्षक पेसागत सहयोगसम्बन्धी नीति, योजना तथा कार्यक्रम निर्माण गर्दा सामाजिक विकास मन्त्रालय, शिक्षा तालिम केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

- शिक्षासँग सम्बद्ध विभिन्न सङ्घ सस्थाहरूसँग समन्वय गरी शिक्षक पेसागत सहयोग सुदृढीकरण गर्न सहजीकरण गर्ने ।

## ४.६. शिक्षा तालिम केन्द्रको भूमिका

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम न्यूनतम प्याकेजमा शिक्षक पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापक तथा आधारभूत तह संयोजकलाई प्रारम्भिक कक्षा शिक्षणसम्बन्धी आधारभूत सिप तथा तत्त्वहरू समावेश भएको ५ (पाँच) दिने शिक्षक पेसागत सहयोग तालिम उपलब्ध गराउने प्रावधान रहेको छ । सोबमोजिमको तालिम सञ्चानल गर्ने मुख्य जिम्मेवारी शिक्षा तालिम केन्द्रको हुनेछ ।

- शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने हेतुले शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहसँगको समन्वयमा शिक्षक पेसागत तालिम योजना तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने ।

- शिक्षक पेसागत सहयोगका लागि आवश्यक तालिम सामग्रीको विकास र व्यवस्थापन गर्ने ।

- स्थानीय तहमा सञ्चालित शिक्षक पेसागत सहयोग तालिम कार्यक्रमको अनुगमन गरी आवश्यक सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।

- शिक्षक पेसागत सहयोगका लागि आवश्यकताका आधारमा विद्यालयका प्रधानाध्यापक, विज्ञ समूह, स्रोत शिक्षक, शिक्षा शाखा र एकाइका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

- शिक्षक पेसागत विकासका सम्बन्धमा अध्ययन, अनुसन्धान तथा खोज गरी नवीनतम पद्धतिको विकासमा टेवा पुऱ्याउने ।

# खण्ड-ग

## १. कक्षा अवलोकन र पृष्ठपोषण

शिक्षक पेसागत सहयोगका लागि तोकिएको अवलोकनकर्ता वा प्राविधिक सहयोगकर्ताले शिक्षण सिकाइ क्रियाकलापहरूको सूक्ष्मरूपमा अवलोकन गरी थप सुधारका लागि शिक्षकलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नु पर्दछ । यस क्रममा शिक्षकद्वारा निर्माण गरिएको पाठयोजनाअनुसार प्रभावकारी शिक्षण भए नभएको, शैक्षणिक सामग्रीको उचित प्रयोग भए नभएको, कक्षाकोठा व्यवस्थापन र सिकाइ वातावरण अनुकुल भए नभएको, विद्यार्थीको सिकाइ प्रक्रियामा सहभागिता भए नभएको, विद्यार्थीको सिकाइको निरन्तर मूल्याङ्कन भए नभएको आदि पक्षहरूमा गहन रूपमा नियाल्नु पर्दछ । कक्षा अवलोकनपश्चात शिक्षण सिकाइमा देखिएका सबल र सुधार गर्नुपर्ने पक्षका विषयमा शिक्षकसँग छलफल गरी सकारात्मक तथा रचनात्मक पृष्ठपोषण दिनु पर्दछ । छलफलका क्रममा दिइएका सुझाव तथा पृष्ठपोषणका आधारमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनु पर्दछ । त्यसको नियमित अनुगमन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार भएको सुनिश्चित गर्नुपर्दछ ।

स्थानीय विज्ञ समूह, प्रधानाध्यापक वा आधारभूत तह संयोजक तथा सम्बन्धित विषयविज्ञबाट कक्षा अवलोकन गर्दा अनुसूची १ बमोजिम फारामको प्रयोग गर्नुपर्ने छ । स्थानीय युवा, खेलकुद तथा शिक्षा शाखा/महाशाखाका प्रमुख तथा शिक्षा अधिकृत, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख वा अन्य अधिकृत, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू लगायतका सरोकारवालाहरूबाट विद्यालयको अनुगमन गर्दा अनुसूची २ अनुसारको फाराम प्रयोग गर्नुपर्ने छ ।

### कक्षा अवलोकन गर्दा ध्यान दिनुपर्ने कुराहरू :

**कक्षा अवलोकनपूर्व**

- विद्यालयको स्थलगत भ्रमण गरी कक्षा अवलोकनको योजना निर्माण गर्ने ।
- कक्षा अवलोकनका लागि आवश्यक फारामको विकास, व्यवस्थापन र सोको अध्ययन गर्ने ।

- प्रधानाध्यापक र कक्षा शिक्षकसँग सम्बन्ध स्थापित गरी कक्षा अवलोकनका लागि सहमति लिने ।
- कक्षा अवलोकनको उद्देश्य तथा प्रक्रियाबारे प्रधानाध्यापक तथा शिक्षकसँग छलफल गर्ने ।
- शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तकको सम्बन्धित पाठ राम्रोसँग अध्ययन गर्ने ।
- आवश्यक पर्दा वा शिक्षकको अनुरोधमा नमुना कक्षा शिक्षणका लागि तयारी गर्ने ।

**कक्षाअवलोकनका क्रममा**

- कक्षाकोठामा शिक्षकसँगै प्रवेश गर्ने र नियमित कक्षा शिक्षणलाई असर नपर्ने गरी कक्षामा पछाडि गएर बस्ने ।
- कक्षा अवलोकन फाराममा दिइएको कथनका आधारमा रूजु गरी बुँदा टिपोट गर्ने ।
- कक्षा अवलोकन फाराममा नसमेटिएका अन्य थप बुँदा भए टिपोट गर्ने ।
- कक्षा अवलोकनका क्रममा शिक्षक तथा विद्यार्थीसँग प्रश्न नगर्ने ।
- शिक्षकलाई कक्षा सञ्चालन गरिरहेको बेलामा पृष्ठपोषण दिने कार्य नगर्ने ।

**कक्षा अवलोकनपश्चात**

- कक्षा अवलोकन गरिसकेपछि शिक्षकको अनुकूलताअनुसार छलफलको समय निर्धारण गर्ने ।
- शिक्षकलाई कक्षा शिक्षणसम्बन्धमा आफ्नो अनुभूतिबारे स्व-प्रतिविम्बन (Self–reflection) गर्ने अवसर प्रदान गर्ने ।
- शिक्षकका अनुभवहरूको कदर गर्दै सकारात्मक कुराबाट छलफल सुरू गर्ने ।
- कक्षा शिक्षणमा पाइएका सबल पक्षहरूको प्रसंशा गर्दै थप बढोत्तरीका लागि प्रोत्साहित गर्ने ।
- शिक्षण सिकाइका क्रममा सुधार गर्नुपर्ने पक्षहरूमा २ वा ३ बुँदाहरूमा रचनात्मक पृष्ठपोषण प्रदान गर्ने ।

- शिक्षकले सुधार गर्नुपर्ने बुँदाहरू धेरै भए तत्कालै सुधार गर्नुपर्ने पक्षहरूलाई प्राथमिकताका क्रममा राखी बाँकी पक्षहरूलाई अर्को पटकको कक्षा अवलोकनमा छलफल गर्ने ।

- दिइएको पृष्ठपोषणका आधारमा शिक्षण सुधारका लागि कार्ययोजना बनाउन र सोको कार्यान्वयन गर्न सहयोग गर्ने ।

- सुझावपश्चात पुनः कक्षा अवलोकनका लागि योजना निर्माण गर्ने र सोको आधारमा पुनः कक्षा अवलोकन गरी शिक्षणमा सुधार आए नआएको यकिन गर्ने ।

- कक्षा अवलोकनपश्चात शिक्षकसँग गरिएको छलफलका विषयवस्तुहरूको बारेमा प्रधानाध्यापकलाई जानकारी दिने ।

- अन्त्यमा छलफलमा भाग लिनु भएकोमा शिक्षकलाई धन्यवाद दिने ।

## २. कक्षा अवलोकन प्रतिवेदन तयारी र प्रस्तुति

कक्षा अवलोकन गरिसकेपछि अवलोकनकर्ता वा प्राविधिक सहयोगकर्ताले कक्षा अवलोकन फारामका आधारमा अनुसूची ३ बमोजिमको प्रतिवेदन तयार गरी स्थानीय तह, शिक्षा युवा तथा खेलकुद शाखा/महाशाखामा बुझाउनु पर्दछ । प्रतिवेदनमा प्राप्त सुझावहरूलाई स्थानीय तह, शिक्षा युवा तथा खेलकुद शाखा/महाशाखाले प्रधानाध्यापकको मासिक बैठकमा प्रस्तुत गरी छलफल गराउनु पर्दछ । सोको आधारमा प्रारम्भिक तह कक्षा शिक्षणमा सुधारका लागि रणनीतिहरू तय गर्न सकिने छ ।

## ३. अनुसूचीहरू

अनुसूची-१

एकीकृत पाठ्यक्रम, नेपाली विषय

(राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम)

### शिक्षक पेसागत सहयोग कक्षा अवलोकन फाराम

| | | | |
|---|---|---|---|
| जिल्लाः<br>स्थानीय तहः | विद्यालयको नामः<br>EMIS कोडः | मितिः | अवलोकनकर्ताको नाम : |
| कक्षाः | शिक्षकको नामः | | कुल विद्यार्थी सङ्ख्या : |
| घण्टीः | समय : ...... देखि ..... सम्म | | उपस्थित विद्यार्थी सङ्ख्या : |

प्रत्येक अवलोकन खण्डका सम्बन्धमा तपाईंलाई सोध्न वा सम्झनुपर्ने विषयहरू भए टिप्पणी खण्डमा लेख्नुहोस् । तलका कथनहरू कक्षा १, २ वा ३ का लागि मात्र उपयोगी हुन सक्ने छन् । यदि कुनै कुरा तपाईंले अवलोकन गर्नुभएको कक्षामा सान्दर्भिक हुँदैन भने त्यसलाई टिप्पणी खण्डमा उल्लेख गर्नुहोस् ।

**खण्ड (क) सिकाइ वातावरण तथा कक्षाकोठा व्यवस्थापन**

| | छ | आंशिक | छैन | टिप्पणी |
|---|---|---|---|---|
| शिक्षकले प्रारम्भिक कक्षा पठन/एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम प्राप्त गरेको | | | | |
| विद्यार्थीको समूह बनाएर शिक्षण क्रियाकलाप तथा गतिविधि अवलोकन गर्न मिल्ने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन मिलाइएको | | | | |
| कक्षाकोठामा शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन उपयुक्त रूपमा भएको | | | | |
| उपयुक्त कक्षागत पुस्तकालय व्यवस्थापन भएको | | | | |
| कक्षागत पुस्तकालयमा भएका पुस्तकमा विद्यार्थीहरूको सहज पहुँच तथा घरमा लैजान पाउने व्यवस्था रहेको | | | | |

| | | | | |
|---|---|---|---|---|
| कक्षाकोठामा पर्याप्त छपाइ सामग्रीको व्यवस्था भएको (पोस्टर, शिक्षक विद्यार्थी निर्मित सामग्री तथा अन्य शैक्षिक सामग्री प्रदर्शन) | | | | |
| **खण्ड (ख) पठन तत्त्वसँग सम्बन्धित शिक्षण सिकाइ** | | | | |
| **१. ध्वनि सचेतीकरण** | छ | आंशिक | छैन | टिप्पणी |
| शिक्षकले वर्ण, शब्द तथा शब्दांशलाई उच्चारण, पहिचान र ध्वनि फेरबदल (शिक्षक निर्देशिकाअनुसार) सही तरिकाले गराउने गरेको | | | | |
| शिक्षकले ध्वनि सचेतीकरण (उच्चारण) गराउँदा बालबालिकालाई परेको कठिनाइ बुझी सहयोग गर्ने गरको | | | | |
| **२. लेख्य वर्ण सचेतीकरण** | छ | आंशिक | छैन | टिप्पणी |
| शिक्षकद्वारा नमुना प्रदर्शन गरिएको र विद्यार्थीले ध्वनि र सङ्केतबिचको सम्बन्ध पहिचान गरी अभ्यासको अवसर पाएको | | | | |
| शिक्षकले सही तरिकाले अक्षर तथा शब्दांश टुक्र्याउने तथा जोड्ने सिपको प्रदर्शन गर्ने गरेको र सो प्रक्रियामा विद्यार्थीलाई अभ्यासको अवसर दिइएको | | | | |
| शिक्षकले सिकाइएका वर्ण तथा शब्दांशको प्रयोगद्वारा शब्द तथा वाक्यको विसङ्केतीकरणको अभ्यास गराउने गरेको | | | | |
| **३. सस्वर/नमुना पठन कक्षा सुनाइ** | छ | आंशिक | छैन | टिप्पणी |
| शिक्षकले चित्रमा आधारित अनुमान छलफल गरेको गराएको | | | | |
| शिक्षकले उपयुक्त नमुना प्रदर्शन गरेको | | | | |
| शिक्षकले विद्यार्थीलाई बोधसँग सम्बन्धित प्रश्न गरेको | | | | |
| **४. स्वअध्ययन विसङ्केतन पठन प्रवाह** | छ | आंशिक | छैन | टिप्पणी |
| शिक्षकले विभिन्न विधि अपनाएर (स्वअध्ययन, समूहगत पठन तथा पाठ/कथा पढिसकेपछि) प्रश्नोत्तर गरेको | | | | |

| ५. शब्दभण्डार तथा बोध | छ | आंशिक | छैन | टिप्पणी |
|---|---|---|---|---|
| शिक्षकले शब्द शिक्षणमा उपयुक्त सामग्री प्रयोग गरी तोकिएका शब्दहरूलाई उच्चारण अर्थ र प्रयोग (जोडा मिलाउने, उल्टो वा पर्यायवाची, वाक्यमा प्रयोग आदि) गरेको | | | | |
| बोधः सबै विद्यार्थीहरूले पाठमा आधारित अनुमान, छलफल, प्रश्नोत्तर, प्रतिक्रिया र सारांशसहित बोधको अवसर प्राप्त गरेको | | | | |
| **६. लेखाइ सिप** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षकले उपयुक्त लेखाइ सिपको नमुना प्रदर्शन गर्दै सबै विद्यार्थीलाई सो क्रियाकलापमा अवसर र सहभागिता गराएको (वर्ण र मात्रा लेखन, हिज्जे, अनुलेखन, श्रुति लेखन, प्रश्नको उत्तर र स्वतन्त्र लेखन अभ्याससम्म) | | | | |
| **खण्ड (ग) शिक्षकको तयारी र प्रस्तुति** | **छ** | **आंशिक** | **छैन** | **टिप्पणी** |
| शिक्षक पाठका लागि - (शैक्षणिक सामग्रीहरूको तयारी, शिक्षक निर्देशिका) तयारी अवस्थामा रहेको | | | | |
| शिक्षक निर्देशिका अनुसार शिक्षकले पाठ सञ्चालन, क्रियाकलाप र एक क्रियाकलापबाट अर्को क्रियाकलापमा जाँदा उपयुक्त तरिकाले जाने गरेको | | | | |
| शिक्षण सिकाइका क्रममा क्रमिक सिकाइ प्रक्रिया अवलम्बन गरेको (म गर्छु, हामी गरौँ र तिमी गर) | | | | |
| विद्यार्थी अभ्यासका क्रममा शिक्षकले अवलोकन तथा सिकाइमा समस्या देखिएका विद्यार्थीलाई सहयोग गर्ने गरेको | | | | |
| पाठ शिक्षणका क्रममा शिक्षकले विद्यार्थीको औपचारिक तथा अनौपचारिक सिकाइ (अभ्यास पुस्तिका जाँच गर्ने, परीक्षण/अभिलेख राख्ने) मापन गर्ने गरेको | | | | |

| खण्ड (घ) अवलोकनको सारांश |
| --- |
| कक्षा अवलोकनपश्चात् शिक्षकसँग अनुभव आदानप्रदान सुझाव र पृष्ठपोषणका लागि तल उल्लेख गरिएका बुँदाहरूका आधारमा तयारी गर्नुहोस् । |
| शिक्षकले शिक्षणका क्रममा गरेका दुई तीनओटा राम्रा कार्यहरू के के हुन्?<br>१.<br>२.<br>३. |
| शिक्षकले सुधारका लागि गर्नुपर्ने मुख्य दुई तीनओटा कार्यहरू के के देख्नुहुन्छ ?<br>१.<br>२.<br>३. |
| **खण्ड (ङ) कक्षा अवलोकनपश्चात् शिक्षण सुधारको योजना के हो ?**<br>१.<br>२.<br>३. |

नोट : यस कक्षा अवलोकन फाराम एकीकृत पाठ्यक्रम नेपाली विषय (राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम) ले अपेक्षा गरेको पठन सिप सुधारका लागि विकसित सामग्री र सन्दर्भका आधारमा तयार पारिएको छ । अन्य विषयका सन्दर्भमा विषयगत सक्षमताका आधारमा अनुकूलन गर्नुपर्ने छ ।

अनुसूची-२
एकीकृत पाठ्यक्रम, नेपाली विषय
(राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम)

## विद्यालय अनुगमन फाराम

| | | | | | |
|---|---|---|---|---|---|
| यो अनुगमन फाराम विद्यालयको समग्र शैक्षिक तथा कक्षाकोठाको सिकाइ वातावरण, शैक्षणिक क्रियाकलाप, अपनाइएका परीक्षण प्रक्रिया र विद्यालयका मुख्य सरोकार पक्षसँग छलफल गर्ने गरी तयार पारीएको हो । यो फाराम विद्यालय अनुगमनकर्ताले अनुगमनका क्रममा भर्नुहोस् । यस फाराममा विद्यालयको समग्र बातावरण अभिलेखीकरण, कक्षाकोठा अनुगमन तथा सिकाइ परीक्षण प्रणालीका साथ समग्रमा गुणस्तर कायम गर्नका लागि छलफलका प्रश्नहरू समावेश छन् । अनुगमनकर्ताले (स्थानीय युवा, खेलकुद तथा शिक्षा शाखा/महाशाखा, एकाइ प्रमुख वा प्रतिनिधि/विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका प्रतिनिधि लगायत संलग्न अन्य पदाधिकारी) ले विद्यालय तथा कक्षा अवलोकन फाराम दिएको सूचक प्रयोग गरी राम्रा अभ्यास र पृष्ठपोषणसहित सुधारात्मक क्षेत्र पहिचान गर्न प्रयोग गर्ने हतुले तयार पारिएको छ । | | | | | |
| जिल्लाः<br>स्थानीय तहः | | विद्यालयः<br>कक्षा अवलोकनः कक्षा १/कक्षा २/कक्षा ३ | | | |
| अनुगमनकर्ता : | | | | | |
| विद्यालय तथा कक्षा अनुगमन रुजुसूचि (क) सहमत (ख) आंशिक (ग) असहमत यदि आंशिक पाइएमा सुझाव खण्डमा उल्लख गर्नुहोस् । | | | | | |
| **क्र.सं.** | **अनुगमन रुजुसूची** | **सहमत** | **आंशिक** | **असहमत** | **सुझाव** |
| | **विद्यालय तथा कक्षाकोठा वातावरण** | | | | |
| १ | विद्यालय परिसर तथा कक्षाकोठाको सरसफाइ उपयुक्त थियो | | | | |
| २ | शिक्षक विद्यार्थी नियमितता र समयमै उपस्थित रहेको पाइयो | | | | |
| ३ | विद्यालयमा शिक्षक तथा विद्यार्थी हाजिरी रजिष्टर अध्यावधिक गरिएको पाइयो | | | | |
| ४ | विद्यालयको कक्षागत रुटिङ तथा सिकाइ उपलब्धि अभिलेखीकरण अध्यावधिक गरी राखिएको पाइयो | | | | |
| ५ | विद्यालयमा विद्यालय सुधार योजना रहेको र सो अनुसार कार्यन्वयन भएको पाइयो | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको नियमित बैठक बस्ने र निर्णयहरू कार्यान्वयन हुने गरेको पाइयो | | | | |
| ७ | विद्यालयमा बालबालिकाको पढाइलाई लिएर अभिभावक सहभागितामा बैठक, छलफल तथा निर्णयहरू कार्यान्वयन हुने गरेको पाइयो | | | | |
| | **कक्षा अवलोकन** | | | | |
| ८ | सबै विद्यार्थी कक्षामा उपस्थित थिए | | | | |
| ९ | सबै विद्यार्थीसँग पाठ्यपुस्तक थियो | | | | |
| १० | तालिम प्राप्त शिक्षकद्धारा कक्षा सञ्चालन गरिएको थियो | | | | |
| ११ | कक्षाकोठा विद्यार्थीको अनुपातमा उपयुक्त उज्यालो र हावा खेल्ने, उचित बसाइ व्यवस्थापन सहितको थियो | | | | |
| १२ | शिक्षकसँग कक्षाकोठामा शिक्षक निर्देशिका, अभ्यास पुस्तिका र अन्य शैक्षिक सामग्री थिए | | | | |
| १३ | कक्षा शिक्षणका क्रममा शिक्षकले सामग्री प्रयोग गरी आफूले गरेर देखाउने, विद्यार्थी सगँसगै गर्ने गराउने र विद्यार्थीहरूलाई गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गरेका थिए | | | | |
| १४ | कक्षा शिक्षणको क्रममा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया र सबै विद्यार्थीलाई समान अवसर प्रदान गरिएको थियो | | | | |
| १५ | शिक्षकले कक्षा सञ्चालनका क्रममा प्रसस्त मात्रामा उदाहरण, अभ्यास र सामग्री प्रयोग गरेको पाइयो | | | | |
| १६ | विद्यार्थीले एकल, समूह, जोडीकार्यमा अभ्यास गर्ने प्रयाप्त अवसर पाएका थिए | | | | |
| १७ | कक्षाकोठामा विद्यार्थी तथा शिक्षकद्धारा निर्मित सामग्री प्रदर्शन गरिएको पाइयो | | | | |
| १८ | कक्षागत पुस्तकालयको व्यवस्थापन, पहुँच र प्रयोगमा रहेको पाइयो | | | | |

| | परीक्षण र पृष्ठपोषण | | | | |
|---|---|---|---|---|---|
| १९ | शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थीलाई समूह कार्य, जोडी कार्यमा अभ्यास गराई उनीहरूको सिकाइ मूल्याङ्कन गरेको पाइयो | | | | |
| २० | पाठ प्रस्तुतिपछि शिक्षकले बालबालिकालाई अभ्यासको अवसर र रचनात्मक पृष्ठपोषण दिएको पाइयो | | | | |
| २१ | कक्षा शिक्षणपश्चात शिक्षकले विद्यार्थीको मूल्याङ्कन गरेको पाइयो | | | | |
| | **छलफल तथा निष्कर्ष** | | | | |

- विद्यालय अनुगमनका क्रममा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको बारेमा प्रधानाध्यापक तथा शिक्षकको धारणा कस्तो पाउनुभयो ?
- के प्रधानाध्यापकबाट शिक्षक पेशागत सहयोगका लागि कक्षा अवलोकन तथा पृष्ठपोषण प्रदान गर्ने गरेको रहेछ ? (पछिल्लो पटक कहिले कक्षा अवलोकन गरिएको रहेछ, छलफल गर्ने)
- पठन सिप विकास कार्यक्रमले ल्याएका राम्रा पक्षहरू के के पाउनुभयो ?

  १.

  २.

  ३.
- सुधार गर्नुपर्ने मुख्य ३ पक्षहरू उल्लेख गर्नुहोस् ।

  १.

  २.

  ३.

अनुगमनकर्ताको नाम : .................................. मिति : ................... दस्तखतः .....................

**नोट :** यो फाराम राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले अपेक्षा गरेको पठन सिपमा आधारीत कक्षा शिक्षण अनुगमनका लागि विकास गरिएको हो । अन्य सन्दर्भमा विषयगत सक्षमता र कार्यक्रमका आधारमा अनुकुलन गर्नुपर्नेछ ।

अनुसूची - ३

## मासिक प्रतिवेदन फाराम - नमुना

शिक्षक पेसागत सहयोग

(राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम)

............महिना, २०...... साल

| १. विद्यालय विवरण | | | |
|---|---|---|---|
| विद्यालयको नाम तथा ठेगाना : | | | |
| पालिकाको नाम तथा ठेगाना : | | | |
| कक्षा १-३ को शिक्षणको व्यवस्था (कक्षा शिक्षण, विषयगत शिक्षण वा बहुकक्षा शिक्षण) | कक्षा १................. कक्षा २................. कक्षा ३................. | नेपाली विषयलाई प्रतिदिन छुट्याइएको समय | कक्षा १............. कक्षा २............. कक्षा ३............. |
| विद्यार्थी कुल हाजिरी | कक्षा १................. | कक्षा २............... | कक्षा ३............. |

| २. सिकाइ वातावरण तथा कक्षाकोठा व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| **क्षेत्र** | **छ** | **छैन** | **आंशिक** | **टिप्पणी** |
| प्रत्येक कक्षा १, २ र ३ मा शिक्षण सिकाइ सामग्री कक्षाकोठामा व्यवस्थापन भएको | | | | |
| प्रत्येक कक्षा १, २ र ३ मा सन्दर्भ सामग्री कक्षाकोठामा व्यवस्थापन भएको | | | | |
| कक्षाकोठामा सिकाइका लागि उपयुक्त रहेको (झ्याल ढोका, डेस्कबेन्च, हावा आवतजावत र उज्यालो) | | | | |
| नेपाली विषय शिक्षण घण्टी प्रतिदिन ६० मिनेटको रहेको | | | | |
| **३. निर्देशनात्मक अभ्यास** | | | | |
| शिक्षकले नियमित रूपमा शिक्षक निर्देशिका प्रयोग गरेको | | | | |
| पाठ्य तथा विद्यार्थी कार्यपुस्तकको प्रयोग उपयुक्त तरिकाबाट भएको (अवलोकन गरिएको दिनमा कतिऔँ दिनको पाठ हो उल्लेख गर्ने) | | | | |
| प्राविधिक सहयोगकर्ताबाट शिक्षकलाई पुगेको सहयोग (यस महिनामा कति पटक कति शिक्षकलाई सहयोग प्रदान गरियो?) | | | | |

| | | | | |
|---|---|---|---|---|
| शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीको प्रयोग भएको | | | | |
| शिक्षण सिकाइका सन्दर्भमा एकीकृत पाठ्यक्रमसँग क्रमिक सिकाइ पद्धति प्रयोगमा भएको | | | | |
| पठन तत्त्वगत आधारमा शिक्षण भएको | | | | |
| **४. समुदाय, अभिभावक सहभागिता** | | | | |
| विद्यालयमा अभिभावक उपस्थिति हुने गरेको यस महिनामा जम्मा कति अभिभावक उपस्थित भए ? | | | | |
| अभिभावकले आफ्ना बालबालिकाको पढाइका बारेमा छलफल गर्ने गरेको । यस महिनामा कति अभिभावकले आफ्ना बालबालिकासँग पढाइका बारेमा छलफल गरेको पाइयो ? | | | | |
| **५. परीक्षण तथा मूल्याङ्कन** | | | | |
| निरन्तर मूल्याङ्कनको प्रयोग भएको | | | | |
| उपचारात्मक शिक्षण व्यवस्था तथा अभ्यास भएको | | | | |
| कक्षाकोठामा आधारित पठन सिप परीक्षण विद्यालयले गर्ने गरेको | | | | |
| कक्षाकोठामा आधारित पठन सिप परीक्षणका बारेमा अभिभावकसँग गर्ने गरेको | | | | |
| **६. यो महिनामा पठन सिपसम्बन्धी विद्यालयमा भएको क्रियाकलाप गतिविधि तथा कार्यक्रम** | | | | |
| | | | | |
| **७. मुख्य समस्या, चुनौती र समधानका लागि गरिएका प्रयास** | | | | |
| | | | | |
| **८. मुख्य उपलब्धि** | | | | |
| | | | | |

| ९. अन्य केही भए |
| --- |
| |
| **विचार** |
| विषय शिक्षकको विचार : |
| प्रधानाध्यापकको विचार : |

यस प्रतिवेदनमा महिनाभरि गरेका कक्षा अवलोकनका साधन र मासिक बैठकको कपी अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ ।

**प्रतिवेदन तयारकर्ता**

नाम : ..........................................

दस्तखत : ................................

पद : ......................................

मिति : ....................................

**प्रमाणित गर्ने**

नाम : ..........................................

दस्तखत : ................................

पद : ......................................

मिति : ....................................

# सन्दर्भ सामग्री


नेपाल सरकार, शिक्षा मन्त्रालय, २०७० । **राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम** (२०१४/१५ - २०१९ / २०) **कार्यक्रम दस्तावेज** । प्रकाशकः नेपाल सरकार, शिक्षा मन्त्रालय काठमाडौं, नेपाल ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, (२०७७) । **प्रारम्भिक कक्षा शिक्षक पेसागत सहयोग व्यवस्थापन कार्यविधि, २०७७** । प्रकाशक : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर, नेपाल ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०७५) । **शिक्षक पेसागत सहयोग मार्गदर्शन** । प्रकाशक : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर, नेपाल ।

Foundation for Educational Change. (2020). Study on the Effectiveness of Teacher Professional Support (TPS) in Early Grades. Unpublished report submitted to RTI/EGRP, Nepal.

Government of Nepal, Ministry of Education, (2016). School Sector Development Plan (2016/17 – 2022/23). Publisher: Government of Nepal, Ministry of Education, Kathmandu, Nepal

Ralaingita, W. (2021). "Structured Pedagogy: A How-To Guide. Teacher Professional Development: Ongoing Teacher Support." North Carolina, USA: RTI International. Available at https://scienceofteaching.s3.eu-west-3.amazonaws.com/index.html#/

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र